मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक १८६ ● २०८३ साल जेष्ठ ११ गते सोमबार ● Monday 25, May 2026 ● सूर्योदयः बिहान ०५:१३ बजे ● सूर्यास्तः साँझ ०६:५१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## पक्राउ पूर्जी जारी भएपछि वडाध्यक्ष फरार

**मधेशदृष्टि**
**सप्तरी।**
कुटपिट तथा अंगभंग सम्बन्धी मुद्दामा पक्राउ पुर्जी जारी भएपछि राजगढ गाउँपालिका–२ का वडाध्यक्ष जितेन्द्रकुमार यादव सम्पर्कविहीन भएका छन् । प्रहरीले वडाध्यक्ष यादवसहित पाँच जनाविरुद्ध अघिल्लो सोमबार पक्राउ पुर्जी जारी गरेको थियो।
प्रहरी कारबाही अघि बढेपछि वडाध्यक्ष यादवले वडा सदस्य सुमित्रादेवी खंगलाई निमित्त जिम्मेवारी दिएर सम्पर्कविहीन भएको बताइएको छ । वडा सचिव रामकुमार यादवले चार दिनअघि वडा अध्यक्ष सम्पर्कमा नरहेको पुष्टि गरेका छन्।
२०८१ साल कार्तिक २१ गते राजगढ गाउँपालिका–२ को बनैनियाँ क्षेत्रमा घर निर्माणको विषयलाई लिएर विवाद भएको थियो । सार्वजनिक जग्गामा घर निर्माण गर्न खोज्दा स्थानीय ललनकुमार सिंह लगायतले विरोध जनाएपछि सिंह माथि रड प्रहार भएको थियो । घटनामा सिंहको एउदा हात भाँच्चिएको छ।
सिंहमाथि वडाध्यक्ष यादवसहित शिवन खंग, टुनु खंग, पशुपति खंग र श्रीराम खंगले रड प्रहार गरेको आरोपमा, उच्च अदालत जनकपुर अस्थायी इजलासको आदेश अनुसार पक्राउ पुर्जी जारि भएको हो।



**मलेमास स्नानः** प्रत्येक तीन वर्षमा एकपटक पर्ने मलेमास अर्थात् पुरुषोत्तम माससँगै लाग्ने एकमहिने गेरुका स्नान मेलामा आइतबार महोत्तरीको लोहारपट्टी नगरपालिका–४ खुट्टा पिपरारीस्थित गेरुका नदीमा मलमास स्नान गर्दै भक्तजन । तस्बिरः निरञ्जनकुमार साह

# चार दिनमै धरापमा नयाँ गठबन्धन,
## नेकपाले समर्थन फिर्ता लिँदै, मधेश सरकार पुनः संकटमा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको राजनीतिमा फेरि एकपटक ठूलो तरंग उत्पन्न भएको छ । सरकार गठन भएको केही दिनमै सत्ता गठबन्धनभित्र अविश्वास, असन्तुष्टि र शक्ति संघर्ष सतहमा आएको छ । यही असन्तुलित राजनीतिक परिस्थितिबीच नेकपाले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेपछि प्रदेश सरकार पुनः संकटको केन्द्रमा पुगेको छ । सत्ता समीकरण फेरिने संकेतसँगै अब मधेश प्रदेशको राजनीति नयाँ मोडमा प्रवेश गर्ने निश्चितजस्तै देखिएको छ।
नेकपा उच्च स्रोतका अनुसार नेपाली कांग्रेस र नेकपा एमालेले गठबन्धनभित्र आफूहरूलाई 'पेल्न' खोजेको निष्कर्ष निकाल्दै समर्थन फिर्ता लिने निर्णय गरिएको हो । नेकपाका नेताहरूले प्रदेश प्रमुखलाई भेटेर औपचारिक पत्र बुझाउने तयारी गरिरहेको बताइएको छ । यदि समर्थन फिर्ता औपचारिक रूपमा दर्ता भयो भने संविधानतः मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभाबाट पुनः विश्वासको मत लिनुपर्नेछ।
यो घटनाक्रमले मधेश प्रदेशमा बनेको नयाँ सत्ता समीकरणको अस्थिरता मात्र होइन, दलहरूबीचको गहिरिँदो अविश्वास पनि उजागर गरेको छ । केही समयअघि मात्रै जसपा नेपाल र जनमत पार्टीलाई सरकारबाट बाहिर राख्दै कांग्रेस, एमाले र नेकपाबीच नयाँ गठबन्धन निर्माण गरिएको थियो । तर राजनीतिक समीकरण टिकाउ हुने अपेक्षा गरिएको अवस्थामा चार दिनमै संकट देखिनु आफैंमा मधेश प्रदेशको सत्ता राजनीतिमा गम्भीर संकेत हो।
यो केवल समर्थन फिर्ताको विषय मात्र होइन, यो मधेश प्रदेशमा शक्ति केन्द्रको पुनः पुनर्संरचना सुरु भएको संकेत पनि हो । कांग्रेस र एमालेको प्रभाव बढ्दै जाँदा नेकपाले आफूलाई निर्णय प्रक्रियामा कमजोर बनाइँदै गएको महसुस गरेको देखिन्छ । सरकारभित्र सम्मानजनक भूमिका नपाउने आशंका र राजनीतिक भविष्य सुरक्षित राख्ने रणनीतिका कारण नेकपा पछाडि हट्न खोजेको छ।
१०७ सदस्यीय मधेश प्रदेशसभामा हाल ५ सिट रिक्त छन् । अहिले एमालेसँग २४, कांग्रेससँग २२, जसपा नेपालसँग १९, नेकपासँग १५, जनमतसँग १२, लोसपासँग ८ र नेपाल संघीय समाजवादीसँग १ सिट रहेको छ । यस्तो अवस्थामा कुनैपनि दल एक्लैले सरकार टिकाउन सक्ने अवस्थामा छैन । सत्ता निर्माणका लागि बहुदलीय सहकार्य अपरिहार्य छ । यही कारण मधेश प्रदेशको राजनीति निरन्तर अस्थिर गठबन्धन र अंकगणितीय खेलको बन्दी बन्दै गएको देखिन्छ।
नेकपाले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा पर्न सक्ने सम्भावना बलियो बनेको छ । त्यसपछि मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता आउँछ । यदि विश्वासको मत प्राप्त गर्न असफल भएमा नयाँ सरकार गठनको प्रक्रिया सुरु हुनेछ । त्यस अवस्थामा फेरि नयाँ गठबन्धन बन्ने, पुराना सहकार्य भत्किने र मधेश केन्द्रित दलहरूको भूमिका निर्णायक बन्ने सम्भावना बढेको छ।
विशेषगरी जसपा नेपाल र जनमत पार्टीलाई बाहिर राखेर बनेको समीकरण लामो समय टिक्न नसक्नुले मधेशको राजनीतिमा क्षेत्रीय दलहरूको प्रभाव अझै बलियो रहेको सन्देश दिएको छ । सत्ता समीकरणबाट बाहिरिएका दलहरू अहिले पुनः निर्णायक शक्ति बन्ने प्रतीक्षामा देखिन्छन् । यदि नयाँ गठबन्धनको प्रयास सुरु भयो भने उनीहरूको भूमिका सरकार निर्माणमा निर्णायक हुन सक्छ।
मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा सरकार परिवर्तन, समर्थन फिर्ता, गठबन्धन फेरबदल र शक्ति संघर्ष नियमित राजनीतिक अभ्यासजस्तै बनेको छ । यसले प्रदेश सरकारको स्थायित्वमा मात्र होइन, विकास र प्रशासनिक प्रभावकारितामाथि पनि प्रश्न उठाएको छ । जनताले स्थिर सरकार र विकासको अपेक्षा गरिरहेका बेला दलहरूबीचको सत्ता संघर्षले राजनीतिक अस्थिरता झन् गहिर्याएको टिप्पणी हुन थालेको छ।
अब सबैको नजर मुख्यमन्त्रीको आगामी कदममा केन्द्रित छ । उनले विश्वासको मत सुरक्षित गर्न नयाँ राजनीतिक सहमति खोज्नेछन् वा मधेश प्रदेश फेरि नयाँ सरकार गठनतर्फ जानेछ भन्ने प्रश्नले प्रदेश राजनीति थप रोचक र तरंगित बनेको छ । मधेशमा सत्ता समीकरण फेरिने खेल अझै समाप्त नभएको स्पष्ट संकेत अहिलेको घटनाक्रमले दिएको छ।


## एमाले परित्याग गर्दै अरगरियाको राजीनामा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेकपा (एमाले) का नेता उमाशंकर अरगरियाले पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका छन्।



पार्टी अध्यक्षलाई सम्बोधन गर्दै अरगरियाले पार्टीभित्र इमानदार कार्यकर्ताको सम्मान नभएको, आफूहरूसँग आएका कार्यकर्ताको समायोजन नगरिएको तथा पार्टीविरुद्ध गतिविधि गर्नेहरूलाई नै संरक्षण र पुरस्कार दिने प्रवृत्ति बढेको आरोप लगाएका छन्।
उनले आफू एमालेमा प्रवेश गरेको लामो समय बितिसक्दा पनि आफू पक्षका कार्यकर्ताहरू अझै कमिटीविहीन अवस्थामा रहेको उल्लेख गरेका छन् । पटक–पटक पार्टी नेतृत्वलाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको भन्दै उनले असन्तुष्टि जनाएका छन्।
धनुषा क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका प्रत्याशीसमेत रहेका अरगरियाले पार्टीभित्र लगनशील र इमानदार कार्यकर्ता अपमानित हुने तर आधिकारिक उम्मेदवारलाई हराउन भूमिका खेल्नेहरू सम्मानित हुने अवस्था रहेको आरोपसमेत लगाएका छन्।
पार्टीभित्रको यही प्रवृत्तिबाट आजित भएको उल्लेख गर्दै उनले आजकै मितिदेखि लागू हुने गरी एमालेको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको बताएका छन्।

## सिमरा सेजको अतिक्रमित जग्गामा मन्त्रीको निरीक्षण



**बारा।**
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री गौरीकुमारी यादवले आइतबार सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज)को स्थलगत निरीक्षण गरेकी छन् । सरकारले अतिक्रमित जग्गा खाली गराउने तयारी गरिरहेका बेला मन्त्री यादवले सेज क्षेत्रको निरीक्षण गरेकी हुन्।
निरीक्षणका क्रममा मन्त्री यादवले जीतपुरसिमरा उपमहानगरपालिका–४, १४ र १५ अन्तर्गत पर्ने सेजको जग्गा तथा त्यहाँ निर्माण गरिएका संरचनाबारे स्थानीय सरकार, प्रशासन र स्थानीयवासीसँग जानकारी लिएकी थिइन्।
मन्त्रालयका सचिव कृष्णबहादुर राउत, विशेष आर्थिक क्षेत्र प्राधिकरणका निमित्त कार्यकारी निर्देशक मेघराज शङ्करसहितको टोली लिएर सिमरा पुगेकी मन्त्री यादवले सेज क्षेत्रमा बसोबास गर्दै आएका स्थानीयसँग छलफलसमेत गरेकी थिइन् । लामो समयदेखि बसोबास गर्दै आएका ९३ घरपरिवारले मन्त्री यादवलाई ज्ञापनपत्र बुझाएका छन्।
स्थानीयका अनुसार उनीहरू २०५९ सालमा वीरगंज चिनी कारखाना बन्द हुनुअघिदेखि नै यस क्षेत्रमा बसोबास गर्दै आएका हुन् । कारखानाले आफ्ना मजदुर परिवारलाई बसोबास तथा खेतीपातीका लागि आफ्नै स्वामित्वको जग्गामा राखेको उनीहरूको भनाइ छ । त्यस्तै, २०५० सालमा बालगङ्गा खोलाको बाढीबाट विस्थापित ३७ परिवारलाई तत्कालीन डुमरवाना गाविसले स्थानीय प्रशासनसँगको समन्वयमा सोही क्षेत्रमा व्यवस्थापन गरेको थियो।
चिनी कारखाना बन्द भएपछि २०६२ सालमा यो जग्गाको स्वामित्व उद्योग मन्त्रालयको नाममा आए पनि ती १ सय ३० परिवार अझै त्यही बस्दै आएका छन् । आफूहरू अतिक्रमणकारी नभई कारखानाकै व्यवस्थापनमा बसोबास गरेको भन्दै ९३ परिवारले उचित व्यवस्थापनको मागसहित स्थानीयले मन्त्री यादवसमक्ष ज्ञापनपत्र बुझाएका हुन्।
चिनी कारखाना र तत्कालीन स्थानीय प्रशासनले व्यवस्थापन गरेका परिवारबाहेक हाल सेज क्षेत्रको जग्गामा ६ सय भन्दा बढी घरपरिवार बसोबास गर्दै आएका छन् । सेजले २०७७÷७८ सालमा सार्वजनिक गरेको तथ्याङ्कअनुसार ६ सय ६ घरपरिवार सेजको जग्गामा बस्दै आएका छन् । जसलाई प्राधिकरणले अतिक्रमणको रूपमा उल्लेख गर्दै आएको छ।
विशेष आर्थिक क्षेत्र प्राधिकरणका अनुसार जीतपुरसिमरामा कुल ८ सय ३३ बिघामध्ये ४ सय ९० बिघा जग्गा अतिक्रमणमा परेको छ । हाल ३ सय ४३ बिघा मात्रै सेजले उपयोग गरिरहेको जनाएको छ । प्राधिकरणले वैशाख ९ गते जीतपुरसिमरा उपमहानगरपालिकालाई पत्राचार गर्दै अतिक्रमित जग्गा खाली गराउन सहयोग मागेको थियो । त्यसअनुसार उपमहानगरपालिकाले वडा कार्यालयमार्फत स्थानीयलाई सूचनासमेत जारी गरिसकेको छ।
मन्त्री यादवसँगको भेटमा जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले अतिक्रमित जग्गा खाली गराउने कार्यमा उपमहानगरपालिकाले सहयोग गर्ने बताए।
निरीक्षणका क्रममा मन्त्री यादवले बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रसहित सम्बन्धित निकायका प्रतिनिधिसँगसमेत छलफल गरेकी छन् । निरीक्षणपछि उनले सरोकारवाला निकायसँग आन्तरिक छलफल गरेर फर्किएकी छन्।

## दाइजो प्रथा र बालविवाहविरुद्ध निरन्तर लडिरहन्छु: उपसभामुख

**सर्लाही।**
उपसभामुख रुवीकुमारी ठाकुरले मधेशमा व्याप्त दाइजो प्रथा र बालविवाहविरुद्ध निरन्तर लडिरहने बताएकी छन्।
चन्द्रनगर गाउँपालिकाले यहाँ आज आयोजना गरेको बालविवाह एवम् दाइजो प्रथा उन्मूलन कार्यक्रममा उपसभामुख ठाकुरले बालविवाह र दाइजो प्रथा मधेशबाट मात्र नभइ देशबाट उन्मूलन हुनुपर्ने बताइन्।
छोरीलाई बोझ मान्ने लैङ्गिक विभेदका कारण बालविवाह हुने गरेको भन्दै उनले मधेशले छोरीलाई सम्मान गर्न सिक्नुपर्ने उल्लेख गरिन्।
'छोरी जन्मने घरमा बोझ भित्रिएको भन्दै दुःख मान्नुहुन्न, माता सीताको जन्मभूमिमा छोरी जन्मनु त सौभाग्यको कुरा हो,' उपसभामुख ठाकुरले भनिन्।
बालविवाह र दाइजो प्रथाले विवाहपछि परिवारमा विखण्डन ल्याउने उनको भनाइ थियो । पछिल्लो समय किशोरकिशोरीले घर छाडेर हिंड्ने गरेको कुरातर्फ सङ्केत गर्दै उनले अभिभावकको सरसल्लाहलाई गलत सोचेर विद्रोह नगर्न सुझाव दिइन्।
सर्लाही–१ बाट निर्वाचित सांसद नीतिमा कार्की भण्डारीले दाइजो र बालविवाह प्रथा लामो समयदेखि



मधेशमा नबदलिएको बताइन् । उनले समाजमा व्याप्त यस्ता कुरीति र कुसंस्कार शिक्षाको उज्यालो ज्योतिले मात्र हटाउन सक्ने भन्दै उनले छोरीहरूलाई पढाउन आग्रह गरिन्।
कार्यक्रममा मधेश प्रदेशअन्तर्गत विभिन्न पालिकाका उपाध्यक्ष र उपप्रमुखहरूको सहभागिता रहेको थियो । छोरीलाई १२ कक्षा पढाएर २० वर्ष पारी विवाह गर्ने अभिभावक, बुहारीलाई स्नातक पढाउने अभिभावक र बिना दाइजो विवाह गर्ने जोडीलाई दोसल्ला र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो।
चन्द्रनगर गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि २० वर्ष पार गरी विवाह गर्ने छोरीहरूलाई विवाह मण्डपमै पुगेर नगद ५० हजार रुपैयाँ सहित सम्मान र कक्षा १२ सम्म पढ्ने छोरीहरूलाई पठनपाठमा प्रोत्साहन गर्ने उद्देश्यसहित एकमुष्ट नगद ११ हजार रुपैयाँ दिंदै आएको छ।

# कलेजहरूलाई नियमन गर्न नयाँ नियमावली ल्याउने तयारीमा सरकार



**काठमाडौँ ।**
सरकारले विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएका कलेजहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा नियमन गर्न नयाँ नियमावली ल्याउने तयारी गरेको छ ।
आइतबार आयोजित एक कार्यक्रममा बोल्दै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विदेशी विश्वविद्यालयसम्बद्ध कलेजका विषयमा धेरै गुनासा आउने गरेको उल्लेख गर्दै नियमनका लागि आवश्यक नियमावलीको मस्यौदा तयार भइसकेको जानकारी दिए ।
उनका अनुसार शिक्षा मन्त्रालयले मस्यौदा अर्थ मन्त्रालय र कानून मन्त्रालयमा पठाइसकेको छ । ती मन्त्रालयबाट राय तथा स्वीकृति प्राप्त भएपछि नियमावली मन्त्रिपरिषद्मा पेश गरिनेछ ।
मन्त्री पोखरेलले विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएका कलेजहरू अहिलेसम्म प्रभावकारी रूपमा नियमन हुन नसकेको स्वीकार गरे । उनले कुन विश्वविद्यालयलाई सम्बन्धन दिन मिल्ने, कुनलाई नदिने तथा नियमनको ढाँचा कस्तो हुने भन्ने विषयलाई नियमावलीमार्फत स्पष्ट गरिने बताए ।
शिक्षा मन्त्रालयले हाल तीन वटा नियमावली एकसाथ अघि बढाइरहेको मन्त्री पोखरेलले जानकारी दिए । तीमध्ये शिक्षा नियमावली, शैक्षिक परामर्श (कन्सल्टेन्सी)संस्था नियमनसम्बन्धी नियमावली तथा विदेशी विश्वविद्यालयसम्बद्ध कलेज नियमनसम्बन्धी नियमावली रहेका छन् । रासस

# एमालेको केन्द्रीय समिति बैठक असार दोस्रो साता

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेकपा एमालले पार्टीको केन्द्रीय कमिटी बैठक असार दोस्रो साता बोलाउने भएको छ।
आइतबार सकिएको सचिवालय बैठका अनुसार असार दोस्रो साता बैठक बोलाउने तर मिति तय भने अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलबीचको परामर्शपछि तय हुने छ । नेकपा (एमाले) को सचिवालय बैठकले मदननगर बल्खुस्थित आफ्नै जग्गामा पार्टीको केन्द्रीय कार्यालय भवन निर्माण गर्ने निर्णय गरेको छ।
बैठकका निर्णय सार्वजनिक गर्दै पार्टी उपमहासचिव लेखराज भट्टले आफ्नै जग्गामा पार्टीको केन्द्रीय कार्यालय भवन निर्माण गर्ने निर्णय भएको जानकारी दिए ।
२०७२ सालको भूकम्पबाट पार्टी कार्यालय भवन क्षतिग्रस्त भएपछि कार्यालय विभिन्न स्थानमा सर्दै आएको बताउँदै उनले मदननगरस्थित नदी किनारको जग्गा भवन निर्माणका लागि उपयुक्त रहेको प्राविधिक प्रतिवेदनका आधारमा सोही स्थानमा भवन निर्माण गर्ने निर्णय गरिएको जानकारी दिए।
त्यस्तै, कलंकीमा शिलान्यास गरिएको स्थानमा भवन नबनाउने निर्णय गर्दै उक्त प्रस्ताव फिर्ता लिइएको उनले जानकारी दिए। त्यस अवसरमा पार्टीले भवन निर्माणका लागि सहयोग र सद्भाव देखाएको भन्दै मिनबहादुर गुरुङ दम्पत्तीप्रति बैठकले धन्यवाद व्यक्त गरेको जानकारी दिए।
नेकपा (एमाले) को सचिवालय बैठकले पदाधिकारीहरूको वरीयताक्रम टुंगो लगाएको छ । उपमहासचिव लेखराज भट्टले अध्यक्षको प्रस्तावमा बैठकले पदाधिकारिको वरीयताक्रम टुङ्गो लगाएको जानकारी दिए।



यस्तो छ वरीयताक्रम
अध्यक्ष
केपी शर्मा ओली

उपाध्यक्षहरू
रामबहादुर थापा
विष्णुप्रसाद पौडेल
पृथ्वीसुब्बा गुरुङ
गोकर्ण विष्ट
रघुजी पन्त

महासचिव
शंकर पोखरेल

उपमहासचिवहरू
लेखराज भट्ट
योगेश भट्टराई
रघुवीर महासेठ

सचिवहरू
छविलाल विश्वकर्मा
पद्मा अर्याल
खगराज अधिकारी
भानुभक्त ढकाल
यामलाल कँडेल
शेरधन राई
राजन भट्टराई
हिक्मत कार्की
महेश बस्नेत

# क्यानका अध्यक्ष विरुद्ध पद दुरुपयोको आरोप, पाँच दिनभित्र स्पष्टीकरण दिन निर्देशन



**काठमाडौं।**
नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्द विरुद्ध पदको दुरुपयोगसहित विभिन्न गम्भीर आरोप लागेको छ । राष्ट्रिय खेलकुद परिषद (राखेप) ले एक पत्र लेख्दै क्यानलाई ती आरोपबारे पाँच दिनभित्र स्पष्टीकरणसहित राय, प्रतिक्रिया र प्रमाणित कागजात पेश गर्न निर्देशन दिएको छ।
राखेपले उजुरीमा उठाइएका विषयको गम्भीर अध्ययन गरी बुँदागत रूपमा सत्यतथ्य विवरण, प्रतिक्रिया तथा सम्बन्धित प्रमाणित कागजात उपलब्ध गराउन भनेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग मा २०८३ वैशाख १६ गते अध्यक्ष चन्दविरुद्ध उजुरी दर्ता भएको थियो । त्यसपछि आयोगले वैशाख २९ गते युवा तथा खेलकुद मन्त्रालय लाई पत्र पठाएको थियो । मन्त्रालयले वैशाख ३१ गते राखेपलाई पत्राचार गर्दै १० दिनभित्र आवश्यक जवाफ पठाउन निर्देशन दिएको थियो।
मन्त्रालयमार्फत पठाइएको पत्रमा क्यान अध्यक्ष र कोषाध्यक्षलगायत पदाधिकारीमाथि सार्वजनिक कोष अपचलन गरेको, अमेरिकामा भएको विश्वकप भ्रमणमा अनियमितता गरेको, कर्मचारी भर्ना प्रक्रियामा दुरुपयोग गरेको, अपाङ्गता भत्ताको दुरुपयोग गरेको तथा वार्षिक साधारण सभा, विश्वकप जर्सी र टिकट वितरणमा अनियमितता गरेको आरोप लगाइएको छ।
उक्त उजुरीका आधारमा राखेपले गत बिहीबार क्यानलाई औपचारिक पत्र पठाउँदै सबै विषयमा स्पष्ट धारणा र प्रमाणसहितको विवरण बुझाउन निर्देशन दिएको हो। रासस

# भारततर्फ लैजान लागिएका तीनजना बालिकाको उद्धार

**मधेशदृष्टि**
**वीरगंज।**
विभिन्न प्रलोभन र प्रपञ्चमा पारेर भारततर्फ लैजान लागिएका तीन जना नेपाली बालिकालाई पर्सा प्रहरीले सीमा नाकाबाट उद्धार गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगंज महानगरपालिका वडा नं. १६ स्थित मुख्य भन्सार क्षेत्रबाट बालिकाहरूको उद्धार गरिएको हो।
सीमा नाकामा खटिएको प्रहरी टोलीले नियमित चेकिङ तथा निगरानी गर्ने क्रममा बालिकाहरूको हिंडडुल र हाउभाउ शङ्कास्पद देखेको थियो । सोधपुछ गर्दा बालिकाहरूलाई विभिन्न प्रलोभन देखाई, ललाइफकाई सीमापार गराउन लागिएको रहस्य खुलेपछि प्रहरीले उनीहरूलाई तत्काल आफ्नो संरक्षणमा लिएको हो।
प्रहरीले बालिकाहरूलाई भारततर्फ लैजाँदै गरेको अवस्थामा स्थलगत रूपमै एक जना युवकलाई समेत नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका युवकको पहिचान र उनको स्थायी ठेगाना भने अनुसन्धानको संवेदनशीलतालाई ध्यानमा राख्दै हाललाई गोप्य राखिएको छ । पर्सा प्रहरीका अनुसार उद्धार गरिएका बालिकाहरूको मानसिक तथा शारीरिक अवस्था सामान्य रहेको छ।

# राष्ट्रपति रनिङ्ग शिल्डमा ठोरी गाउँपालिका च्याम्पियन




**मधेशदृष्टि**
**वीरगंज।**
पर्सामा आयोजित जिल्ला स्तरीय १६औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आइतबार सम्पन्न भएको छ। वीरगंजस्थित नारायणी रंगशाला मा सम्पन्न प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै ठोरी गाउँपालिकाले सर्वाधिक पदकसहित उपाधि जितेको छ।
पर्सा जिल्ला खेलकुद विकास समितिका अनुसार ठोरी गाउँपालिकाले १५ स्वर्ण, ९ रजत तथा ४ कास्य गरी कुल २८ पदक हात पार्दै प्रथम स्थान सुरक्षित गरेको हो । त्यस्तै पर्सागढी नगरपालिकाले ९ स्वर्ण, १० रजत र ८ कास्यसहित कुल २७ पदक जित्दै दोस्रो स्थान हासिल गरेको छ । वीरगंज महानगरपालिकाले ४ स्वर्ण, ५ रजत र ९ कास्यसहित १८ पदक जितेर तेस्रो स्थानमा चित्त बुझाएको आयोजकले जनाएको छ।
प्रतियोगिताअन्तर्गत कबड्डी पुरुषतर्फ वीरगंज महानगरपालिका विजेता बनेको छ भने महिला कबड्डीतर्फ पर्सागढी नगरपालिकाले पहिलो स्थान हात पारेको छ । त्यसैगरी पुरुष भलिबलतर्फ धोबिनी गाउँपालिका र महिला भलिबलतर्फ ठोरी गाउँपालिका च्याम्पियन बनेका छन्।
प्रतियोगिताका विजेता खेलाडी तथा टोलीलाई पर्सा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिपक कुमार साह कानु ले ट्रफी तथा मेडल प्रदान गरेका थिए । प्रतियोगितामा वीरगंज महानगरपालिका, पर्सागढी नगरपालिका, सखुवा प्रसौनी गाउँपालिका, ठोरी गाउँपालिका, कालिकामाई गाउँपालिका तथा धोबिनी गाउँपालिकाबाट गरी ३७५ विद्यार्थी खेलाडी सहभागी भएका थिए । प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराँते, तेक्वान्दोलगायत विभिन्न विधाका खेल समावेश गरिएको थियो । प्रतियोगिताको उद्घाटन शनिबार शिवजी गुप्ता ले गरेका थिए । प्रतियोगिताले जिल्लास्तरमा खेल प्रतिभा पहिचान तथा विद्यार्थीहरूमा खेलप्रति आकर्षण बढाउन महत्वपूर्ण भूमिका खेलेको आयोजकको विश्वास रहेको छ।

# बसले स्कुटरलाई ठक्कर दिंदा एकको मृत्यु

**मधेशदृष्टि**
**हेटौडा।**
काठमाडौँबाट बीरगन्जतर्फ आउँदै गरेको बसले स्कुटरलाई ठक्कर दिंदा एक जनाको मृत्यु भएको छ। घटना मकवानपुरगढी गाउँपालिका–२ स्थित शिखरकटेरी क्षेत्रमा भएको हो।
काठमाडौँबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.प्र.०१–००६ ख ९६११ नम्बरको बसले घुम्तीमा विपरीत दिशाबाट आइरहेको ना.५९ प ३३४५ नम्बरको स्कुटरलाई शनिबार दिउँसो ठक्कर दिएको थियो । दुर्घटनामा स्थानीय ५५ वर्षीय दोर्जेरत्न योञ्जन गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि हेटौँडास्थित सीएमसी चुरेहिल अस्पताल लगिएको थियो। उपचारकै क्रममा योञ्जनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले आइतवार जनाएको छ। बस चालक काभ्रेको चौरीदेउराली गाउँपालिका–२ का ४१ वर्षीय शिवबहादुर चौलागाईंलाई प्रहरीले नियन्त्रणमा लिइएको छ।

# बागमतीमा बेपत्तामध्ये दुईको शव फेला, तीन सकुशल

**मधेशदृष्टि**
**सर्लाही।**
बागमती नदीमा बेपत्ता भएका पाँच जना युवकमध्ये दुई जनाको शव भेटिएको छ भने अन्य तीन जना सकुशल भेटिएका छन्। रौतहट र सिन्धुलीको सिमानामा पर्ने झपडी झोलुङ्गे पुल मुनिबाट शनिबार दिउँसो ४ बजेतिर ५ जना बेपत्ता भएका थिए।
बेपत्तामध्ये दुई जनाको शव भेटिएको इलाका प्रहरी कार्यालय कर्मैया सर्लाहीले बताएको छ। मृत भेटिनेमा लालबन्दी नगरपालिका–९ बस्तीपुरका १८ वर्षका रोहित महतो र सोही ठाउँका २० वर्षीय गणेश महतो छन् । रोहितको शव सर्लाहीको बागमती नगरपालिका–११ स्थित पुल नजिकै आइतबार फेला परेको प्रहरीले बताएको छ।
त्यस्तै, आइतबार साढे १ बजेतिर गणेशको शव पनि बागमती नदीको



ड्याम साइडमा फेला परेको प्रहरीले बताएको छ । सर्लाहीको बरहथवा नगरपालिका–५ बस्ने २८ वर्षीय सहमद मोमिन, सोही ठाउँका २४ वर्षका मोहम्द अखतर र सर्लाहीको ब्रहमपुरी गाउँपालिका–३ का २० वर्षीय श्याम भण्डारी भने सकुशल भेटिएको प्रहरीले बताएको छ।
उनीहरू कसैलाई नभनी रौतहट र सिन्धुलीको सिमानामा पर्ने बागमतीको झपसी झोलुङ्गे पुल पुगेको र त्यहाँबाट नदी तर्ने क्रममा बेपत्ता भएको प्रहरीले बताएको छ।

# नि:शुल्क आँखा जाँच शिविर



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१० अशोक वाटिकास्थित माउन्ट मकालु सेकेन्डरी स्कुलमा निःशुल्क आँखा जाँच शिविर सम्पन्न भएको छ। शिविर वीरगंज कम्युनिटी आई सेन्टर तथा तिलगंगा आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन गरिएको विद्यालयले जनाएको छ । कार्यक्रममा अप्टोमेट्रिस्ट प्रभात चौरसियाले विद्यार्थी, अभिभावक तथा स्थानीय बासिन्दाहरूको आँखा परीक्षण गरेका थिए।
स्रुती चौधरी र ओमप्रकाश चौधरीले सहजीकरण गरेको शिविरमा शिविरको उद्देश्यबारे विद्यालयका प्रधानाध्यापक राहुल श्रीवास्तवले प्रकाश पारेका थिए।

# न्यायाधीश र विद्यार्थीबीच कानूनी साक्षरता विषयमा अन्तरक्रिया

**मधेशदृष्टि**
**सप्तरी ।**
कानूनी साक्षरताका लागि 'न्यायाधीश र विद्यार्थी अन्तक्रिरया' विषयमा आइतबार अन्तक्रिरया आयोजन गरिएको छ । सप्तरीको रूपनगर नन्दराज संग्रौला क्याम्पसमा आयोजित कार्यक्रममा सप्तरी जिल्ला अदालतका मुख्य न्यायाधीश किशोर घिमिरेले अदालतको काम गर्ने प्रक्रिया, विपन्नलाई निशुल्क न्याय सेवाको उपलब्धता लगायत विषयमा जानकारी दिएका थिए ।
सोही अदालतका श्रेस्तादार श्यामहरि अधिकारीले अदालतले दिने न्याय, त्यसका प्रक्रिया, विभिन्न निकाय र संस्था तथा नागरिकको भूमिका आदि विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा सप्तरी जिल्ला अदालतका न्यायाधीशहरू मोहन बहादुर अधिकारी, दीपक धिताल, बाबुराम भट्टराई, गोकुल पन्त र महेन्द्र प्रसाद पौडेलको समेत उपस्थिति रहेको थियो । विद्यार्थी, अभिभावक र अन्य सहभागीले अदालती प्रक्रिया, न्यायमा ढिलाइ, नागरिकले पाइराखेको सास्ती, युवा वर्गको भूमिका लगायत विषयमा न्यायाधीशहरूलाई प्रश्न गरेका थिए । मुख्य न्यायाधीश घिमिरेले ती प्रश्नहरूको जवाफ दिएका थिए । रूपनगर नन्दराज संग्रौला क्याम्पसका विद्यार्थी, अभिभावक, शिक्षक, अधिवक्ता, राजनीतिज्ञ, समाजसेवी, पत्रकार लगायतको उपस्थिति रहेको सो कार्यक्रमलाई नरबहादुर खड्काले संचालन गरेका थिए ।

## सशस्त्र प्रहरीको मानवीय पहलः

# विपन्न दलित महिलालाई नयाँ घर

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपालको 'सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत वीरगंज महानगरपालिका–२२ मनिहारीकी विपन्न एकल दलित महिला छिमी मलिलाई नवनिर्मित घर हस्तान्तरण गरिएको छ। आर्थिक अभावका कारण वर्षौंदेखि कष्टकर जीवन बिताउँदै आएकी मलिलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले घर निर्माण गरिएको हो।
स्वर्गीय चोकट मलिकी पत्नी छिमी मलिको कमजोर आर्थिक अवस्था र असुरक्षित बसोबासलाई ध्यानमा राख्दै सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा. पर्साले स्थानीय जनप्रतिनिधि तथा सहयोगी व्यक्तिहरूसँगको सहकार्यमा घर निर्माण गरेको जनाएको छ। सशस्त्र प्रहरीको जनशक्ति परिचालनमार्फत निर्माण सम्पन्न गरिएको उक्त घर आइतबार



आयोजित एक कार्यक्रमबीच हस्तान्तरण गरिएको हो।
सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा. पर्साका सूचना अधिकारी मोहन राज निरौला ले वर्षौंदेखि अस्थायी तथा जोखिमयुक्त टहरामा बस्दै आएकी मलिलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले घर निर्माण गरिएको जानकारी दिए। उनले सशस्त्र प्रहरीले सीमा सुरक्षाका अतिरिक्त सामाजिक उत्तरदायित्वअन्तर्गत विपन्न, असहाय तथा सीमान्तकृत समुदायको जीवनस्तर उकास्न विभिन्न जनसेवामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताए।
नयाँ घर प्राप्त गरेपछि छिमी मलिले आफ्नो सुरक्षित आवासको सपना पूरा भएको भन्दै सशस्त्र प्रहरी बलप्रति आभार व्यक्त गरेकी छन्।
स्थानीयवासीले समेत सशस्त्र प्रहरीको यस पहललाई सामाजिक उत्तरदायित्वको उदाहरणीय कार्यका रूपमा प्रशंसा गरेका छन्।
कार्यक्रमले सुरक्षा निकाय र स्थानीय समुदायबीचको सम्बन्धलाई थप मजबुत बनाउनुका साथै विपन्न परिवारप्रति राज्य संयन्त्रको मानवीय संवेदनशीलता पनि उजागर गरेको सहभागीहरूको भनाइ थियो।

## जिम्मेवार पत्रकारितामा जोड दिँदै

# पर्सामा आचारसंहिता प्रशिक्षण



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पत्रकार महासंघ पर्साको आयोजनामा पत्रकार आचारसंहितासम्बन्धी एकदिने अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। महासंघको सभाहलमा आयोजित कार्यक्रममा जिल्लाका विभिन्न सञ्चारमाध्यममा कार्यरत नयाँ पत्रकारहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमले पत्रकारितामा पेशागत मर्यादा, जिम्मेवारी र आचारसंहिताको महत्वबारे गम्भीर छलफल गराएको थियो।
नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन महासंघका केन्द्रीय सचिव अशोक तिवारी ले गरेका थिए।
उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले पत्रकारितामा सत्य, निष्पक्षता र उत्तरदायित्वलाई आत्मसात् गर्नुपर्ने आवश्यकता औंल्याए। पत्रकारले आफ्नो व्यवहार र पेशागत आचरणप्रति सजग रहन नसके आलोचनाको सामना गर्नुपर्ने उल्लेख गर्दै उनले मर्यादित र विश्वसनीय पत्रकारितालाई प्राथमिकतामा राख्न आग्रह गरे।
सचिव तिवारीले वर्तमान परिस्थितिमा सञ्चार क्षेत्र विभिन्न चुनौतीबाट गुज्रिरहेको उल्लेख गर्दै सरकारले लागू गरेको आर्थिक नाकाबन्दीविरुद्ध नेपाल पत्रकार महासंघ आन्दोलनमा रहेको बताए। उनले महासंघद्वारा सञ्चालन भइरहेका आन्दोलनका कार्यक्रम सफल बनाउन सबै पत्रकारलाई सक्रिय सहभागिताका लागि आह्वान समेत गरे।
कार्यक्रममा श्याम बञ्जारा, दिपेन्द्र चौहान तथा शम्भु कुमार सुमन लगायतले पत्रकारितामा बढ्दो चुनौती, सञ्चारमाध्यमको विश्वसनीयता र पेशागत अनुशासनका विषयमा धारणा राखेका थिए। कार्यक्रमको सञ्चालन महासंघ पर्साका सचिव विजय चौहानले गरेका थिए।
अनुशिक्षण कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने ले प्रशिक्षण दिएका थिए। उनले पत्रकार आचारसंहिताको व्यवहारिक प्रयोग, समाचार सम्पादनका क्रममा अपनाउनुपर्ने सावधानी तथा आधुनिक पत्रकारितामा देखिएका चुनौतीबारे विस्तृत सहजीकरण गरेका थिए।
प्रशिक्षणका क्रममा पत्रकारितामा सत्यतथ्यमा आधारित सूचना सम्प्रेषण, निष्पक्ष समाचार लेखन र सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राख्नुपर्नेमा विशेष जोड दिइएको थियो। साथै जिम्मेवार समाचार सम्प्रेषण, सञ्चारमाध्यमप्रतिको जनविश्वास कायम राख्ने दायित्व तथा पत्रकारको पेशागत मर्यादासम्बन्धी विषयमा समेत सहभागी पत्रकारहरूलाई प्रशिक्षण प्रदान गरिएको थियो।
कार्यक्रमले नयाँ पुस्ताका पत्रकारहरूलाई पेशागत मूल्य, नैतिकता र उत्तरदायी पत्रकारिताप्रति थप सचेत बनाउने विश्वास आयोजकले व्यक्त गरेका छन्।

# जिल्ला प्रहरी कार्यालय पर्सा मधेश प्रदेशमै उत्कृष्ट



**मधेशदृष्टि**
**वीरगंज।**
आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यसम्पादन मूल्यांकनमा मधेश प्रदेशका जिल्ला प्रहरी कार्यालयहरूमध्ये जिल्ला प्रहरी कार्यालय पर्सा उत्कृष्ट घोषित भएको छ। शान्ति सुरक्षा कायम, अपराध नियन्त्रण तथा प्रभावकारी सेवा प्रवाहमा उत्कृष्ट प्रदर्शन गरेपछि पर्सा प्रहरीले यो सफलता हासिल गरेको हो।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले गरेको मूल्यांकनमा उत्कृष्ट नतिजा ल्याएपछि प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया ले जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदीप राज पाठक लाई प्रशंसापत्रसहित सम्मान गरेका हुन्।
जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वार्षिक कार्यसम्पादन मूल्यांकन विभिन्न सूचकका आधारमा गरिएको थियो। शान्ति सुरक्षा व्यवस्थापन, अपराध अनुसन्धान तथा नियन्त्रण, नागरिकलाई प्रदान गरिने सेवा, संगठनात्मक कार्यक्षमता लगायतका पक्षमा उत्कृष्ट कार्यसम्पादन गर्दै पर्सा जिल्ला प्रहरी कार्यालय प्रदेशकै उत्कृष्ट कार्यालयका रूपमा छनोट भएको जनाइएको छ।
सम्मान ग्रहणपछि प्रहरी उपरीक्षक पाठकले प्राप्त उपलब्धि सम्पूर्ण प्रहरी कर्मचारीको मेहनत, अनुशासन र नागरिकको निरन्तर सहयोगको परिणाम भएको बताएका छन्। उनले आगामी दिनमा पनि नागरिकमैत्री सेवा, प्रभावकारी सुरक्षा व्यवस्था तथा अपराध नियन्त्रणलाई अझ सुदृढ बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरेका छन्।
पर्सा प्रहरीको यो उपलब्धिलाई सुरक्षा व्यवस्थापनमा गरिएको सक्रियता, समन्वय र जिम्मेवार कार्यशैलीको परिणामका रूपमा हेरिएको छ।
स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्न तथा नागरिकसँगको सम्बन्धलाई थप प्रभावकारी बनाउन पर्सा प्रहरीले पछिल्लो समय विभिन्न अभियान तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# मोतियाविन्दुको निःशुल्क शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज।**
पोखरिया नगरपालिका वडा नं. ९ बैरिया टोलमा चेकजाँच गरिएका मोतियाबिन्दुका बिरामीहरूको आइतवार वीरगंजमा निःशुल्क सल्यक्रिया सम्पन्न भएको छ।
तिलगंगा आँखा प्रतिष्ठानका विशेषज्ञ चिकित्सक टोलीले वीरगंज सामुदायिक अस्पतालमा सल्यक्रिय सफलरुपमा सम्पन्न गरेको लायन्स क्लव अफ पोखरियाका अध्यक्ष निजामुद्दिन समानीले जानकारी गराउनु भएको छ। उक्त कार्य लायन्स क्लब अफ पोखरियाका अध्यक्ष शमानी, उपाध्यक्ष आशा देवी चौहानको विशेष पहलमा सम्पन्न भएको हो।
शिविरका लागि लायन्स क्लब अफ बीरगंज परिवारका अध्यक्ष नरोत्तम पाण्डेय, चेयरपर्सन डा. लक्ष्मी थापा, मेडिकल अफिसर महेश सिंह धामी एवं लायन्स क्लब अफ बीरगंज प्रभुको महत्वपूर्ण सहयोग रहेको आयोजक संस्थाले जनाएको छ।

# आमाको नामबाट महोत्तरीमा ४ महिनामा २०९ जनाले लिए नागरिकता

मधेशदृष्टि
वीरगंज।
चार महिनामा महोत्तरीमा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन्। गत २०८२ पुस ११ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेको थियो।
२०८२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए। यसअनुसार नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान हुन नसकेका व्यक्तिहरूले आवश्यक स्वघोषणा र प्रक्रिया पूरा गरेर वंशजका आधारमा नागरिकता प्राप्त गर्न थालेका हुन्।
त्यसै क्रममा जिल्ला प्रशासन कार्यालयबाट गत २०८२ माघ महिनाको ६ गतेदेखि २०८३ जेठ ९ गतेसम्म जम्मा २०९ जनाले आमाको नामबाट वंशज नागरिकता प्राप्त गरेका प्रमुख जिल्ला अधिकारी यादवले बताए।

# लिटिल बडी प्रि–स्कुलमा निःशुल्क दन्त परीक्षण शिविर

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–८ पानीटंकीस्थित लिटिल बडी प्रि–स्कुलमा आइतबार निःशुल्क दन्त परीक्षण शिविर सम्पन्न भएको छ। स्माइल डेन्टल केयर एण्ड पोलिक्लिनिकको सहकार्यमा आयोजित शिविरमा विद्यार्थी, अभिभावक, शिक्षक तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो।
विद्यालयका निर्देशक विजय कुमार बलले बालबालिकामा सानैदेखि दाँतको सरसफाइ र स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यले शिविर आयोजना गरिएको जानकारी दिए। उनका अनुसार चिकित्सकको सुझावले बालबालिकामा दन्त स्वास्थ्यसम्बन्धी सकारात्मक बानी विकास गर्न मद्दत पुग्ने विश्वास गरिएको छ।
उनले विद्यालयमा आयोजित दन्त परीक्षण शिविरले मात्रै बालबालिकाहरुको दाँत सफा नहुने भन्दै दात स्वास्थ्य राख्नको लागि साना साना बालबालिकाहरुलाई सधैं याद दिलाई राख्न विद्यालयका



शिक्षिकाहरुलाई निर्देशन दिएका थिए। उनले भने 'बालबालिकाहरुले दिनहुँ ब्रस गर्ने बानी बसालेपछि मात्र यो दन्त परीक्षण शिविरको सफलता हुन्छ।'
शिविरमा दन्त चिकित्सक डा. आमिर आलम र डा. भावना कुमारी झाले विद्यार्थीहरूको दाँत परीक्षण गर्नुका साथै अभिभावकलाई दन्त सरसफाइ, नियमित परीक्षण र सावधानीका विषयमा जानकारी दिएका थिए। डा. झाले बालबालिकामा अत्यधिक गुलियो खाने बानीका कारण दाँतसम्बन्धी समस्या बढ्दै गएको उल्लेख गर्दै समयमै परीक्षण गराउन अभिभावकलाई आग्रह गरिन्।
विद्यालयकी सुप्रिया पौडेलको संयोजनमा सम्पन्न कार्यक्रममा करिब १५० जनाले सेवा लिएको विद्यालयले जनाएको छ। साथै शिविरमा सहभागी विद्यार्थी, शिक्षक र अभिभावकलाई स्माइल डेन्टल केयर एण्ड पोलिक्लिनिकमा थप उपचारमा विशेष छुटको व्यवस्था गरिएको जानकारी दिइएको छ। विद्यालयले आगामी दिनमा पनि यस्ता स्वास्थ्य तथा जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# १० महिनामा करिब ८ खर्ब बराबरको सामान आयात




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु सात खर्ब ९४ अर्ब ८७ करोड मूल्य पर्ने वस्तु तथा समान आयात भएको छ। गत आवको १० महिनाको तुलनामा चालु अवधिको सोही अवधिमा यो नाका हुँदै रु एक खर्ब दुई अर्ब ४४ करोड अर्थात् १५ प्रतिशत बढी सामान भित्रिएको हो।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगन्ज हुँदै हुने आयातमा बढोत्तरी भएको बताए। उनले चालु आवको पेट्रोलियम पदार्थ र फलाम तथा फलामजन्य वस्तुको आयातमा वृद्धि भएको बताए। जबकि गत आवको १० महिनामा भने रु छ खर्ब ९२ अर्ब ४३ करोड मूल्यका वस्तु तथा सामान आयात भएको थियो। चालु आवको १० महिनामा रु एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ।
त्यसैगरी, सोही अवधिमा रु ६९ अर्ब ४२ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएको छ। रु ५७ अर्ब ६६ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ। त्यसैगरी रु ५५ अर्ब सात करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ।

# जिराभवानीमा रास्वपाको गापास्तरीय भेला



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साको जिराभावानी गाउँपालिकामा प्रथम गाउँपालिका स्तरीय भेला सम्पन्न भएको छ। सम्पन्न भेलाले रामाकान्त प्रसाद चौधरीलाई गाउँपालिका समितिको सभापतिमा चयन गरेको छ। नवगठित समितिको उपसभापतिमा संजय प्रसाद राय, सचिवमा लहवर राम र सह–सचिवमा सरस्वती महतो चयन भएका छन्। भेलाले ५ सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ। रास्वपा पर्सा क्षेत्र नं. ४ का सभापति जितेन्द्र मिश्राको सभापतित्व तथा रास्वपा मधेश प्रदेश सभापति तपेश्वर यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सो पार्टी पर्साका सभापति तथा सांसद हरि पन्त, निर्वाचन क्षेत्र नं. ४ का सांसद टेकबहादुर शाक्य, सिरहा क्षेत्र नं. ३ का सांसद शम्भू यादव, पार्टीका पर्सा जिल्ला उपसभापति तुलसा पौडेल अधिकारीलगायतले मन्तव्य प्रकट गरेका थिए।

# करण साहमाथि धारिलो हतियार प्रहार ज्यानमार्ने उद्योग कसुरा उजुरी

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको कर्जन्हा नगरपालिका–१० स्थायी घर भई हाल नरेफाँट काठमण्डौ बस्दै आएका १८ वर्षीय करणकुमार साह माथि धारिलो हतियार प्रहार भएको घटनामा ज्यान मार्ने उद्योग तथा डाँका सम्बन्धी कसुरमा प्रहरीमा उजुरी दिएका छन्।
घटनामा साह घाइते भएको प्रहरीले जनाएको छ। शुक्रबार दिउँसो करिब २ बजे भएको आक्रमणमा उनको हात, ढाड, घाँटी र टाउकोमा चोट लागेको छ। पीडित साहले प्रहरी वृत्त नयाँ बानेश्वरमा दिएको उजुरीमा धनुषा घर भई हाल ललितपुरको टिकाथली बस्ने १८ वर्षीय अभिषेक यादव, २८ वर्षीय धनराज यादव तथा परिचय नखुलेका अन्य पाँचदेखि छ जनासमेत संलग्न रहेको उल्लेख गरेका छन्।
प्रहरी स्रोतका अनुसार घटनामा संलग्न भनिएका व्यक्तिहरूबीच पारिवारिक सम्बन्ध रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। कुटपिट गर्ने र घाइते हुने पक्ष मामा–भान्जा सम्बन्धमा रहेको तथा यसअघि पनि उनीहरूबीच विवाद भएको प्रहरीको भनाइ छ।

## सम्पादकीय

### नेकपा एमालेभित्रको आन्तरिक किचलो:

# ओलीको अडान र पार्टीको भविष्य

नेकपा एमालेको पछिल्लो सचिवालय बैठकले पार्टीभित्रको आन्तरिक किचलोलाई पुनः सतहमा ल्याएको छ । पदाधिकारीहरूले पार्टी अध्यक्ष केपी शर्मा ओलीको कार्यशैली र नेतृत्वमाथि प्रश्न उठाउँदै विभिन्न संकेतहरू दिएका छन् । विशेषगरी, 'युज एन्ड थ्रो' को नीति र एकलौटी निर्णय प्रक्रियाले पार्टीलाई कमजोर बनाउँदै लगेको आरोप पदाधिकारीहरूको छ । यसले ओलीको नेतृत्वमाथि गम्भीर चुनौती खडा गरेको छ र पार्टीको भविष्यलाई लिएर विभिन्न अड्कलबाजी सुरु भएका छन् ।

पदाधिकारीहरूको असन्तुष्टि ओलीको कार्यशैलीमा मात्र सीमित छैन, बरु पार्टीको समग्र दिशा र आगामी रणनीतिमा पनि केन्द्रित छ । केही नेताहरूले ओलीलाई पार्टीको हितभन्दा व्यक्तिगत स्वार्थमा बढी केन्द्रित भएको आरोप लगाएका छन् । उनीहरूले पार्टीलाई पुरानो गौरवमा फर्काउनका लागि नेतृत्व परिवर्तनको आवश्यकता औंल्याएका छन् । यसले एमालेभित्रको शक्ति संघर्षलाई थप जटिल बनाएको छ र पार्टीलाई एकताबद्ध राख्न ओलीका लागि ठूलो चुनौती देखिएको छ।

अध्यक्ष ओली भने पदाधिकारीहरूको संकेत र दबाबमा सहमत देखिएका छैनन्। उनले आफ्नो अडानमा कुनै लचकता नदेखाउँदा पार्टीभित्रको विवाद झनै चर्किएको छ। ओलीको यो अडानले कतिपयलाई पार्टीलाई थप ओरालो यात्रामा लैजान खोजेको हो कि भन्ने आशंका उत्पन्न गराएको छ । विगतमा पनि ओलीको अडानका कारण पार्टीले विभाजन र क्षति बेहोरेको इतिहास छ । यस अवस्थामा ओलीको वर्तमान अडानले पार्टीलाई थप संकटमा धकेल्ने सम्भावना बढेको छ।

एमाले जस्तो स्थापित पार्टीलाई सिध्याउन ओली उदत छन् भन्ने आरोप पनि कतिपयले लगाएका छन् । यद्यपि, यो आरोपको सत्यता समयले नै देखाउनेछ । तर, पार्टीभित्रको आन्तरिक लोकतन्त्रको अभाव, एकलौटी निर्णय प्रक्रिया र असन्तुष्ट पक्षलाई बेवास्ता गर्ने प्रवृत्तिले कुनै पनि पार्टीलाई कमजोर बनाउँछ । एमालेको हकमा पनि यही अवस्था दोहोरिने हो कि भन्ने चिन्ता बढेको छ । पार्टीलाई जीवन्त राख्न र जनताको विश्वास जित्नका लागि आन्तरिक एकता र लोकतान्त्रिक अभ्यास अपरिहार्य हुन्छ।

अन्ततः, नेकपा एमालेको भविष्य अध्यक्ष ओलीको निर्णय र पदाधिकारीहरूको भूमिकामा निर्भर गर्दछ । यदि ओलीले पदाधिकारीहरूको भावनालाई सम्बोधन गर्दै पार्टीलाई एकताबद्ध बनाउन सकेनन् भने एमालेको ओरालो यात्रा अझ तीव्र गतिमा अघि बढ्न सक्छ । पार्टीलाई बचाउन र यसको साख जोगाउनका लागि नेतृत्वले त्याग र सहकार्यको भावना देखाउनु आवश्यक छ । अन्यथा, एमालेको वर्तमान संकटले पार्टीको अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा गर्न सक्छ।

# शंकर पोखरेल: पार्टी सङ्कटका सारथि कि वैचारिक रक्षाकवच ?



**–टीकाबहादुर बस्नेत**

नेकपा (एमाले) भित्र कुनै समय 'केपी शर्मा ओलीका सबैभन्दा विश्वसनीय रणनीतिकार' भनेर चिनिएका महासचिव शंकर पोखरेल अहिले पार्टीभित्र पुनर्गठन, आत्मसमीक्षा र वैचारिक पुनर्सन्तुलनको बहस उठाइरहेका छन्।

नेपालको सबैभन्दा सङ्गठित र शक्तिशाली कम्युनिस्ट पार्टीको दाबी गर्ने एमाले अहिले फेरि 'पद त्याग' र 'पद प्राप्ति' को अदृश्य सङ्घर्षबीच उभिएको देखिन्छ । त्यागको नैतिक दबाब अध्यक्ष केपी शर्मा ओलीतर्फ सोझिएको छ, भने उत्तराधिकारको बहस महासचिव शंकर पोखरेलतर्फ केन्द्रित हुँदै गएको छ । अध्यक्ष ओलीबाहेकका धेरै नेताहरू अहिले यही शक्ति सन्तुलनको दौडमा देखिन्छन्।

अध्यक्ष ओलीको सार्वजनिक सङ्केत स्पष्ट छ–उनी स्वेच्छाले हट्नेभन्दा 'हटाइएर मात्रै हट्ने' मनस्थितिमा देखिन्छन् । तर पार्टीभित्रका धेरै पदाधिकारी भने आन्तरिक दबाब, चुनावी सन्देश र संगठनभित्र बढ्दो असन्तोषका कारण नेतृत्वमा स्वाभाविक पुनर्संरचनाको आवश्यकता महसुस गरिरहेका छन्।

लामो समय ओली नेतृत्वको छायाँमा देखिएका शंकर पोखरेल अहिले त्यही छायाँभन्दा बाहिर उभिएर पार्टीको भविष्यबारे चिन्ता व्यक्त गरिरहेका छन् । प्रश्न उठ्छ–यो केवल रणनीतिक दूरी हो, कि एमालेभित्र गहिरिँदै गएको सङ्कटको सङ्केत ?

पार्टीभित्रको ठूलो गुनासो यही रह्यो कि अध्यक्ष ओली चुनावी परिणामलाई गम्भीर राजनीतिक सन्देशका रूपमा लिन पर्याप्त तयार देखिएनन् । आलोचनात्मक प्रतिवेदनहरूलाई संस्थागत बहसमा रूपान्तरण गर्ने नेतृत्व इच्छुक नभएको असन्तोष बढ्दै गयो।

एमालेभित्र पछिल्ला वर्षहरूमा देखिएको असहजता केवल सार्वजनिक अभिव्यक्तिमा सीमित छैन । प्रतिनिधिसभा निर्वाचनपछिका समीक्षा प्रतिवेदनहरूले सङ्गठनात्मक कमजोरी, नेतृत्वको अत्यधिक केन्द्रीकरण, वैचारिक अस्पष्टता र खस्कँदो जनाधारबारे गम्भीर प्रश्न उठाएका थिए । वडा तहदेखि प्रदेश तहसम्मका कमिटीहरूले पार्टीभित्र बहस र आत्मसमीक्षाको संस्कार कमजोर बन्दै गएको निष्कर्ष निकालेका थिए।

यही सन्दर्भमा महासचिव पोखरेलले बारम्बार पुनर्गठन र आत्मसमीक्षाको आवश्यकता औंल्याउँदै आएका छन् । उनका अभिव्यक्तिहरूले एउटा स्पष्ट सङ्केत दिन्छन्–जनताबाट आएको सन्देशलाई इमानदारीपूर्वक ग्रहण नगर्ने पार्टी केवल संरचनामा बाँच्छ, समाजमा होइन।

पार्टीभित्रको ठूलो गुनासो यही रह्यो कि अध्यक्ष ओली चुनावी परिणामलाई गम्भीर राजनीतिक सन्देशका रूपमा लिन पर्याप्त तयार देखिएनन् । आलोचनात्मक प्रतिवेदनहरूलाई संस्थागत बहसमा रूपान्तरण गर्ने नेतृत्व इच्छुक नभएको असन्तोष बढ्दै गयो।

महासचिव पोखरेलले तयार पारेको समीक्षा प्रतिवेदनसमेत सहजरूपमा ग्रहण नगरिएको चर्चा एमाले वृत्तमा व्यापक बन्यो । यही कारण अहिलेको बहस केवल व्यक्तिको असन्तोषमा सीमित छैन । यो पार्टी सञ्चालन शैली, संस्थागत संस्कार र वैचारिक दिशासँग जोडिएको बहस बनेको छ । किनकि कुनै पार्टीमा 'नेतृत्व पक्षधर' मानिएको नेता नै पुनर्गठनको भाषा बोल्न थाल्छ भने त्यसले एउटा गहिरो सत्य सङ्केत गर्छ–सङ्कट अब सतहमा मात्र छैन, संरचनाभित्रै प्रवेश गरिसकेको छ।

एमालेमा धेरै नेता जनमतबाट स्थापित भए, केही सत्ता पहुँचबाट । तर शंकर पोखरेल सङ्गठनभित्र 'व्यवस्थापक' र 'सङ्कट सम्हाल्ने' नेताका रूपमा चिनिन्छन् । पार्टी विभाजन, वैचारिक ध्रुवीकरण र सङ्गठनात्मक तनावका समयमा उनी प्रायः नेतृत्वको रक्षाकवच बनेर उभिन्थे । त्यसैले आज उनैले पुनर्गठन, आत्मसमीक्षा र वैचारिक पुनर्सन्तुलनको आवश्यकता उठाउनु सामान्य राजनीतिक घटना होइन।

एमालेभित्रको सङ्कट त्यतिमै सीमित रहेन । २०७८ असार २७ गते पार्टीभित्रको विवाद समाधान गर्न गठित कार्यदलले '१० बुँदे सहमति' तयार ग¥यो । उद्देश्य स्पष्ट थियो–एमाले विभाजन रोक्ने । यही चरणमा पोखरेल फेरि सक्रिय मध्यस्थकर्ताका रूपमा देखिए । उनले अध्यक्ष ओलीलाई सहमत गराउन भूमिका खेले।

अन्ततः महासचिव पोखरेलको अहिलेको राजनीतिक अवस्थिति एउटा नेताको व्यक्तिगत पुनस्र्थापनाभन्दा बढी एमालेभित्रको बेचैनीको सङ्केत हुन सक्छ । किनकि जब कुनै पार्टीभित्र सबैभन्दा नजिक मानिएको नेता नै संरचनागत सुधारको आवश्यकता बोल्न थाल्छ, त्यसले एउटा गहिरो प्रश्न उठाउँछ–सङ्कट अब नेतृत्वमा मात्र छ, कि पार्टीको आत्मामै ?

**'संकटमोचक' छविको निर्माण**

एमालेभित्र सङ्कट चर्किदा अग्रपङ्तिमा देखिने केही सीमित नेतामध्ये शंकर पोखरेल एक हुन् । उनी प्रायः सार्वजनिक उत्तेजनाभन्दा सङ्गठनात्मक व्यवस्थापनमा सक्रिय देखिए । पार्टीभित्र विवाद उत्कर्षमा पुगेका बेला संवादको पहल गर्ने, विभाजन रोक्न अन्तिम क्षणसम्म दौडधूप गर्ने र वैचारिक ध्रुवीकरणलाई संस्थागत सहमतिमा बदल्ने प्रयास गर्ने नेताका रूपमा उनले आफ्नो अलग छवि निर्माण गरेका छन् । त्यसैले एमालेभित्र उनलाई केवल 'ओलीनिकट' नेताका रूपमा मात्र होइन, सङ्कट आउँदा नेतृत्वको राजनीतिक र सङ्गठनात्मक 'फायरफाइटर' का रूपमा पनि हेरियो।

विशेषतः २०७७÷२०७८ को उथलपुथलपूर्ण कालखण्डले उनको यही 'सङ्कटमोचक' छविलाई अझ बलियो बनायो । २०७७ कार्तिक २८ गते नेकपाको सचिवालय बैठकमा कार्यकारी अध्यक्ष प्रचण्डले अध्यक्ष केपी शर्मा ओलीविरुद्ध गम्भीर आरोपसहित राजनीतिक प्रस्ताव पेश गरेपछि पार्टीभित्रको अन्तरविरोध खुला विस्फोटमा बदलिएको थियो।

पार्टी विभाजनको सङ्केत स्पष्ट देखिन थालेको त्यही समयमा लुम्बिनी प्रदेशका मुख्यमन्त्रीको जिम्मेवारीमा रहेका पोखरेल रातारात काठमाडौँ पुगे । उनले प्रचण्डलाई भेटेर प्रस्ताव फिर्ता लिन आग्रह गरे । त्यो केवल औपचारिक राजनीतिक भेट थिएन, विभाजन रोक्ने अन्तिम प्रयत्नमध्ये एक थियो । तर भोलिपल्ट, २०७७ कार्तिक २९ गते, प्रचण्ड एकल प्रस्ताव फिर्ता लिन तयार भएनन् । त्यसपछि पोखरेलले सार्वजनिक रूपमा गम्भीर चिन्ता व्यक्त गरे।

उनले लेखेका थिए, 'कमरेड प्रचण्डले पार्टी एकताको मर्म र स्थायी कमिटीको निर्णयको भाव विपरीत सचिवालय बैठकमा प्रथम अध्यक्षका विरुद्धमा सङ्गीन आरोपसहित एकल प्रस्ताव प्रस्तुत गरेपछि पार्टी एकता गम्भीर मोडमा पुगेको अनुभूति सिङ्गो पार्टी पङ्क्तिले गरिरहेको छ । म कमरेड प्रचण्डलाई पार्टी एकताको रक्षाका लागि बैठकमा प्रस्तुत गरिएको एकल प्रस्ताव फिर्ता गरी एकताको मर्मअनुरूप छलफललाई अघि बढाउन हार्दिक अनुरोध गर्दछु।'

त्यो अभिव्यक्तिमा ओलीप्रतिको राजनीतिक निष्ठा मात्र थिएन, पार्टी विगठनको भय र एकता जोगाउने अन्तिम आग्रह पनि मिसिएको थियो । पोखरेलले सङ्केत गरेअनुरुप राजनीति अगाडि बढ्दै गयो । पार्टी सङ्कटमा फस्यो । आफ्नै सरकार ढाल्नमा माधव–प्रचण्डहरु लागिपरे।

२०७७ फागुन २३ गते सर्वा◌ेच्च अदालतको फैसलाले नेकपा विभाजित भयो र एमाले तथा माओवादी केन्द्र पूर्ववत् अवस्थामा फर्किए । वाम एकताको परियोजना औपचारिकरूपमा समाप्त भयो । त्यसपछि पनि पोखरेलले यसलाई सामान्य कानुनी घटनाका रूपमा लिएनन् । उनले वाम आन्दोलनमा ऐतिहासिक क्षति पुगेको उल्लेख गर्दै भविष्यमा पुनः ध्रुवीकरणको आधार बाँकी रहेको तर्क गरेका थिए।

वि.सं. २०६२÷०६३ को जनआन्दोलनका बेला पनि पोखरेलको भूमिका केवल आन्दोलनकारी नेताको थिएन । निरङ्कुश राजतन्त्रविरुद्ध आन्दोलन उत्कर्षमा पुगिरहेका बेला उनले आन्दोलनलाई सत्ता परिवर्तनको सीमित लक्ष्यमा नराखी गणतन्त्र, नयाँ राजनीतिक संरचना र दीर्घकालीन राष्ट्रिय रूपान्तरणसँग जोड्ने वैचारिक भूमिका खेले।

तर एमालेभित्रको सङ्कट त्यतिमै सीमित रहेन । २०७८ असार २७ गते पार्टीभित्रको विवाद समाधान गर्न गठित कार्यदलले '१० बुँदे सहमति' तयार ग¥यो । उद्देश्य स्पष्ट थियो–एमाले विभाजन रोक्ने । यही चरणमा पोखरेल फेरि सक्रिय मध्यस्थकर्ताका रूपमा देखिए । उनले अध्यक्ष ओलीलाई सहमत गराउन भूमिका खेले।

त्यसपछि २०७८ साउन ३ गते वरिष्ठ नेता माधवकुमार नेपाललाई सहमतिमा ल्याउन उनले संवाद गरे । त्यो प्रयासलाई एमाले विभाजन रोक्न गरिएको अन्तिम गम्भीर राजनीतिक पहलका रूपमा हेरियो । तर माधव नेपाल सहमतिमा आएनन् । तीन महिनादेखिको प्रयास असफल भएपछि पोखरेलले सार्वजनिक रूपमा निराशा व्यक्त गरेका थिए । उनले लेखेका थिए, 'माधव नेपालले कार्यदलको प्रतिवेदनमा असहमति जनाएसँगै तीन महिनाको मिहिनेत खेर गयो ।' यो अभिव्यक्ति केवल एउटा राजनीतिक टिप्पणी थिएन, एमाले फुट रोक्न गरिएको लामो प्रयासको असफलताप्रतिको पीडा पनि थियो।

अन्ततः २०७८ भदौ २ गते माधव नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन भयो र एमाले औपचारिक रूपमा विभाजित बन्यो । तर विभाजनपछि पनि पोखरेलले वाम एकताको बहस छाडेनन् । २०७८ पुस ११ गते माओवादी केन्द्रको आठौँ महाधिवेशन उद्घाटन सत्रमा एमालेका तर्फबाट शुभकामना मन्तव्य दिँदै उनले पुनः वाम एकताको आवश्यकता उठाए । उनले भनेका थिए, 'जनमत र इतिहास दुवैले हामीलाई धिक्कार्ने छ । अझै केही बिग्रिएको छैन, समीक्षा गरेर फेरि एकतामा फर्कियौं ।' त्यो अभिव्यक्ति तत्कालीन ध्रुवीकृत राजनीतिभन्दा माथि उभिएको राजनीतिक सन्देश थियो।

यी घटनाक्रमले शंकर पोखरेललाई एमालेभित्र केवल ओलीनिकट नेता मात्र नभई सङ्कट चर्किदा हस्तक्षेप गर्ने, विभाजन रोक्न अन्तिमसम्म सक्रिय रहने र वाम एकताको सम्भावना बचाइराख्न खोज्ने रणनीतिकारका रूपमा स्थापित गरेको देखिन्छ । त्यसैले आज उनी पुनर्गठन, आत्मसमीक्षा र वैचारिक पुनर्सन्तुलनको बहसमा देखिनु केवल व्यक्तिगत राजनीतिक पुनस्र्थापना होइन, एमालेभित्र लामो समयदेखि थुप्रिँदै आएको संरचनागत सङ्कटको निरन्तरता पनि हो।

**वैचारिक सङ्कट टार्ने रणनीतिकार**

एमालेभित्र शंकर पोखरेलको राजनीतिक परिचय केवल सङ्गठन सम्हाल्ने नेतामा सीमित छैन । पार्टी वैचारिक अन्योल, राष्ट्रिय सङ्क्रमण र राजनीतिक दिशाहीनताको मोडमा पुग्दा हस्तक्षेप गर्ने नेताका रूपमा पनि उनले छुट्टै छवि निर्माण गरेका छन्।

उनको राजनीतिक यात्रामा एउटा निरन्तरता देखिन्छ–सङ्कटलाई केवल शक्ति सङ्घर्षका रूपमा होइन, वैचारिक प्रश्नका रूपमा बुझ्ने र त्यसको दीर्घकालीन राजनीतिक निकास खोज्ने प्रयास । वि.सं. २०५९ माघमा जनकपुरमा सम्पन्न एमालेको सातौँ महाधिवेशन त्यसको प्रारम्भिक सङ्केत थियो । देश सशस्त्र द्वन्द्वको उत्कर्षमा थियो।

राज्य, संसद् र राजनीतिक दलहरू गहिरो सङ्कटमा थिए । त्यही बेला पोखरेलले संविधानसभामार्फत् राजनीतिक निकास खोज्नुपर्ने प्रस्ताव अघि सारे । त्यो समय एमालेभित्र संविधानसभाको एजेण्डा सहज थिएन । त्यसलाई माओवादी धारको राजनीतिक प्रस्तावका रूपमा हेरिन्थ्यो । तर पोखरेलले हिंसात्मक द्वन्द्वको समाधान, राज्य पुनर्संरचना र दीर्घकालीन राजनीतिक सहमतिका लागि संविधानसभा आवश्यक हुने तर्क निरन्तर उठाइरहे । पछि राष्ट्रिय राजनीति र स्वयं एमाले पनि त्यही दिशातर्फ उन्मुख भयो।

वि.सं. २०६० मा प्रकाशित उनको पुस्तक 'संविधानसभा, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र' ले त्यो बहसलाई अझ स्पष्ट रूप दियो । सङ्घीयता, समावेशिता र राज्य पुनर्संरचनाबारे अन्योल भइरहेका बेला उनले मुलुक सङ्घीय संरचनातर्फ जानुपर्ने दीर्घदृष्टियुक्त अवधारणा अघि सारे । त्यो केवल सैद्धान्तिक लेखन थिएन, बदलिँदो नेपालको राजनीतिक संरचनाबारे एमालेभित्र वैचारिक तयारी गराउने प्रयास पनि थियो।

वि.सं. २०६२÷०६३ को जनआन्दोलनका बेला पनि पोखरेलको भूमिका केवल आन्दोलनकारी नेताको थिएन । निरङ्कुश राजतन्त्रविरुद्ध आन्दोलन उत्कर्षमा पुगिरहेका बेला उनले आन्दोलनलाई सत्ता परिवर्तनको सीमित लक्ष्यमा नराखी गणतन्त्र, नयाँ राजनीतिक संरचना र दीर्घकालीन राष्ट्रिय रूपान्तरणसँग जोड्ने वैचारिक भूमिका खेले।

एमालेभित्र शंकर पोखरेललाई लामो समयदेखि 'केपी ओलीका सबैभन्दा विश्वासिला बौद्धिक सहयोगी' का रूपमा चित्रित गरिँदै आएको छ । पार्टीभित्र उनलाई 'ओलीको बौद्धिक कवच' भन्ने धारणा बलियो रह्यो भने बाहिरबाट उनीमाथि 'कट्टर ओलीवादी' भएको आरोप निरन्तर लागिरह्यो।

त्रिचन्द्र क्याम्पसमा आयोजित खुला सभामा गणतन्त्रको पक्षमा उनले दिएको सार्वजनिक अभिव्यक्ति तत्कालीन एमाले राजनीतिभित्र अग्रगामी सन्देशका रूपमा हेरिएको थियो । उनले परिवर्तनलाई केवल शासन फेरबदल होइन, 'देशको भविष्य निर्माण' सँग जोडेर व्याख्या गरेका थिए।

वि.सं. २०६५ फागुनमा बुटवलमा सम्पन्न एमालेको आठौँ महाधिवेशनमा पार्टीभित्र नेतृत्व, विधि र आन्तरिक लोकतन्त्रबारे तीव्र बहस चलिरहेको थियो । यही बेला पोखरेलले 'पार्टी जीवनको लोकतान्त्रीकरण' सम्बन्धी पूरक प्रस्ताव अघि सारे । उक्त प्रस्ताव पारित भएपछि एमालेभित्र बहुपदीय प्रतिस्पर्धा, संस्थागत बहस र आन्तरिक लोकतान्त्रिक अभ्यासलाई वैचारिक वैधता दिने आधार बलियो बनेको मानिन्छ।

वि.सं. २०७१ को नवौँ महाधिवेशनमा उनले आर्थिक–सामाजिक रूपान्तरणको अवधारणा अघि सारे । विकासको मोडेल, समाजवादको दिशा र आर्थिक संरचनाबारे अन्योल बढिरहेका बेला पोखरेलले उत्पादन, राष्ट्रिय उद्योग, सामाजिक न्याय र समावेशी विकासमा आधारित समाजवादउन्मुख अर्थतन्त्रको खाका प्रस्तुत गर्ने प्रयास गरे । यसले एमालेभित्र 'समृद्धि' को बहसलाई नारामुखी राजनीतिबाट नीति–बहसतर्फ लैजान भूमिका खेलेको मानिन्छ।

यही कारण शंकर पोखरेललाई एमालेभित्र केवल संगठनकर्ता होइन, वैचारिक सङ्कटका बेला हस्तक्षेप गर्ने रणनीतिकारका रूपमा पनि हेरिन्छ । उनले एक प्रसङ्गमा भनेका छन्, 'पार्टीभित्र बहस, समीक्षा र आत्मसमीक्षाको संस्कार कमजोर हुँदै जाँदा सङ्गठन जीवित रहँदैन।

जनताबाट आएका सन्देशलाई इमानदार ढंगले ग्रहण गर्न सकिएन भने पार्टी केवल संरचनामा बाँच्छ, समाजमा होइन ।' पोखरेलले अर्का◌े सन्दर्भमा भनेका छन्, 'संगठनभित्रका कमजोरीलाई ढाकछोप गरेर होइन, स्वीकार गरेर मात्रै सुधार सम्भव हुन्छ । समीक्षा गर्न डराउने पार्टी विस्तारै यथास्थितिको बन्दी बन्छ।'

पोखरेलले पार्टीभित्र आफ्नै पहिचान बनाएका छन्। पार्टीभित्र र बाहिर पनि जननेता मदन भण्डारीले विश्वास गरेका जबजका व्याख्याकारका रूपमा उनको परिचय बन्यो । उनका विभिन्न परिचय छन्। प्रदिप नेपालले उनलाई भावी नेतृत्वका रूपमा भरोसा गरेका थिए।

माधवकुमार नेपालका लागि उनी कठिन राजनीतिक मोडमा अडान र नेतृत्व रक्षाको खम्बाजस्तै बने । त्यसैगरी केपी शर्मा ओलीले पनि धेरै चरणमा उनलाई क्षमताका कारण स्वीकार्न बाध्य भएका नेताका रूपमा पार्टीभित्र पोखरेलको चर्चा हुने गरेको छ । समकक्षीहरूले आलोचना खोज्दा पनि वैचारिक इमानदारी र सङ्गठनात्मक क्षमतामाथि सहज प्रश्न उठाउन नसक्ने नेता भन्ने छवि उनले निर्माण गरेका छन्।

एमालेको नयाँ पुस्तामाझ उनी वैचारिक प्रशिक्षक, राजनीतिक विश्लेषक र भविष्यको प्रवृत्ति पढ्ने नेताका रूपमा पनि चिनिन्छन् । र, सबैभन्दा महत्वपूर्ण कुरा–उनले जनताको बहुदलीय जनवादलाई केवल राजनीतिक दस्तावेजका रूपमा होइन, पार्टीको वैचारिक आत्माका रूपमा स्वीकार गरेको धारणा एमालेभित्र अझै बलियो छ।

**ओली छविभित्रको शंकर**

एमालेभित्र शंकर पोखरेललाई लामो समयदेखि 'केपी ओलीका सबैभन्दा विश्वासिला बौद्धिक सहयोगी' का रूपमा चित्रित गरिँदै आएको छ । पार्टीभित्र उनलाई 'ओलीको बौद्धिक कवच' भन्ने धारणा बलियो रह्यो भने बाहिरबाट उनीमाथि 'कट्टर ओलीवादी' भएको आरोप निरन्तर लागिरह्यो।

तर पोखरेलको राजनीतिक भूमिकालाई केवल व्यक्तिपरक निष्ठाको कोणबाट मात्रै हेर्दा एमालेभित्रको संस्थागत राजनीति, वैचारिक संघर्ष र नेतृत्व–संरचना सम्बन्ध बुझ्न कठिन हुन्छ । उनको राजनीतिक व्यवहारले बारम्बार एउटा कुरा देखाउँछ–उनी व्यक्तिभन्दा महाधिवेशनबाट स्थापित नीति, नेतृत्व र राजनीतिक परियोजनालाई जोगाउने पक्षमा उभिने नेता हुन्।

दाङमा आयोजित पत्रकार सम्मेलनमा पोखरेलले भनेका थिए, 'म कहाँ उभिएँ भन्दा पनि मैले महाधिवेशनबाट पारित नीति र नेतृत्वको रक्षा गर्न सफल भएँ भइन भन्ने महत्वपूर्ण विषय बन्नुपर्छ । कम्युनिस्ट पार्टीमा महाधिवेशनबाट पारित नीति र नेतृत्वको रक्षा गर्नुपर्दछ।'

एमालेभित्र पोखरेलको निकटता केपी ओलीसँग व्यक्तिगत सम्बन्धका कारण मात्र बनेको होइन । २०६० दशकपछि एमालेभित्र विकसित भएको राजनीतिक ध्रुवीकरणमा ओलीलाई पार्टीको राष्ट्रवादी, संगठनमुखी र जबज–आधारित राजनीतिक धारको प्रतिनिधिका रूपमा स्थापित गर्ने प्रयासमा पोखरेल वैचारिकरूपमा निकट देखिए।

मदन भण्डारीको जनताको बहुदलीय जनवाद (जबज) लाई समयानुकूल पुनर्व्याख्या गर्ने बहसमा पनि पोखरेल लगातार सक्रिय रहे । पार्टीभित्र जबजलाई केवल नारा होइन, बदलिँदो समाज र राज्य संरचनासँग जोडेर व्याख्या गर्नुपर्ने पक्षमा उनी उभिँदै आए । यसै सन्दर्भमा २०६५ फागुनमा बुटवलमा सम्पन्न एमालेको आठौँ महाधिवेशन महत्वपूर्ण मानिन्छ।

पार्टीभित्र नेतृत्व, विधि, आन्तरिक लोकतन्त्र र शक्ति–केन्द्रीकरणबारे तीव्र बहस चलिरहेका बेला पोखरेलले 'पार्टी जीवनको लोकतान्त्रीकरण' सम्बन्धी पूरक प्रस्ताव तयार गर्न भूमिका खेले । उक्त प्रस्तावमा बहुपदीय प्रतिस्पर्धा, संस्थागत नेतृत्व प्रणाली, पार्टीभित्र लोकतान्त्रिक अभ्यास र विचारको प्रतिस्पर्धालाई जोड दिइएको थियो । त्यसलाई नेतृत्व तहबाट प्रस्तुत गराउन र पारित गराउन पोखरेल सक्रिय रूपमा लागिपरे । एमालेभित्र बहुपदीय नेतृत्व प्रणाली र संस्थागत अभ्यासको बहसलाई औपचारिक वैचारिक वैधता दिलाउन त्यो महाधिवेशन निर्णायक मानिन्छ।

एमालेभित्र 'कम्प्रेडीपन' भन्दा 'चाकडी संस्कृति' हाबी हुँदै गएको गुनासो व्यापक सुनिन थाल्यो । आलोचनात्मक बहसभन्दा प्रशंसात्मक घेराबन्दी बलियो हुँदै गएको आरोप लाग्न थाल्यो । यसको असर टिकट वितरणसम्म देखिएको टिप्पणी पार्टीभित्र व्यापक रह्यो । लामो समय सङ्गठनमा काम गरेका, जनाधार भएका वा वैचारिकरूपमा सक्रिय नेताभन्दा नेतृत्वनिकट समूहलाई प्राथमिकता दिइएको आरोप उठ्यो।

यही चरणदेखि पोखरेललाई 'ओलीको वैचारिक रणनीतिकार' भन्ने बुझाइ थप बलियो बन्दै गयो । तर विडम्बना के रह्यो भने, पार्टीभित्र आन्तरिक लोकतन्त्र कमजोर हुँदै जाँदा, निर्णय प्रक्रिया अत्यधिक केन्द्रीकृत बन्दै जाँदा र असहमतिका ठाउँहरू साँघुरिँदै जाँदा पनि पोखरेल सार्वजनिक रूपमा नेतृत्वको रक्षामा उभिइरहे।

एमालेभित्र धेरै नेताहरू खुलेर ओलीविरुद्ध उभिँदा पनि पोखरेलले नेतृत्वको साथ छाडेनन् । उनले बारम्बार संस्थागत स्थायित्वलाई प्राथमिकता दिए। पूर्व राष्ट्रपति विद्या भण्डारीसँग सम्बन्धित प्रसङ्गलाई पनि एमालेभित्र यही कोणबाट हेरिन्छ। मदन भण्डारीको वैचारिक विरासतसँग जोडिएको धारमाथि अध्यक्ष ओलीबाट आलोचना र राजनीतिक प्रहार भइरहेको आरोप लागिरहेका बेला पनि पोखरेलले सार्वजनिक रूपमा विद्या भण्डारीको लाइन समातेनन् । बरु उनी ओलीकै पक्षमा उभिए।

त्यो निर्णयलाई कतिपयले अवसरवादी निष्ठा भने, कतिपयले पार्टीभित्र थप ध्रुवीकरण रोक्न खोजिएको रणनीतिक संयमका रूपमा बुझे । २०७७ सालमा नेकपाभित्र सङ्कट उत्कर्षमा पुगेका बेला पनि पोखरेल नेतृत्वको सबैभन्दा सक्रिय रक्षकका रूपमा देखिए । प्रचण्डले ओलीविरुद्ध राजनीतिक प्रस्ताव पेश गरेपछि पोखरेल तत्काल काठमाडौँ आएर संवादको पहलमा लागे । उनीमाथि 'ओलीको राजनीतिक रक्षाकवच' भएको आरोप झन् चर्कियो । पार्टीभित्र र बाहिर दुवै ठाउँबाट उनले आलोचना खेपे।

यद्यपि, पछिल्ला दिनहरूमा देखिएको एउटा रोचक परिवर्तन के हो भने, तिनै पोखरेल अहिले पुनर्गठन, आत्मसमीक्षा र वैचारिक पुनर्सन्तुलनको बहसमा अग्रसर देखिन थालेका छन् । चुनावपछिको समीक्षा प्रक्रियामा नेतृत्व खुला नभएको, मातहतका कमिटीका प्रतिवेदनलाई गम्भीररूपमा नलिइएको र महासचिवको प्रतिवेदनसमेत ग्रहण नगरिएको प्रसङ्गपछि पोखरेलको असहजता अझ स्पष्ट देखिन थाल्यो।

यही कारण अहिले एमालेभित्र पोखरेललाई लिएर एउटा नयाँ प्रश्न उठिरहेको छ–उनी केवल ओलीका सबैभन्दा नजिकका नेता थिए, कि ओली नेतृत्वको राजनीतिक परियोजनालाई संस्थागत आधार दिन खोज्ने रणनीतिकार ? सायद यही प्रश्नभित्र उनको राजनीतिक छविको वास्तविक जटिलता लुकेको छ।

**व्यक्ति होइन, संरचनाको सङ्कट**

एमालेभित्र अहिले देखिएको सङ्कटलाई केवल केपी शर्मा ओली र इतर समूहबीचको दूरी अथवा दोस्रो पुस्ताको असन्तुष्टि अझ भनौं नेतृत्व उत्तराधिकारको सामान्य द्वन्द्वका रूपमा मात्र बुझ्दा तस्वीर अधुरो रहन्छ । वास्तविकता त्योभन्दा धेरै गहिरो छ । एमालेको अहिलेको सङ्कट नेतृत्व परिवर्तनको मात्र होइन, पार्टी सञ्चालन शैली, वैचारिक दिशा, संस्थागत सन्तुलन र संगठनात्मक संस्कारकै सङ्कट हो।

शंकर पोखरेलको पछिल्लो राजनीतिक अवस्थिति त्यसैको एउटा सङ्केतजस्तो देखिन्छ । महासचिवको स्थानबाट उनले आफ्ना अभिव्यक्तिलाई यसैमा केन्द्रीत गरेका छन् । पछिल्लो करिव एक वर्ष एमालेका लागि असामान्य राजनीतिक दबाबको कालखण्ड बन्यो । पार्टीमाथि बाह्य राजनीतिक प्रहार तीव्र भयो । मूलधारका लगभग सबै शक्ति एमालेविरुद्ध उभिए । एमालेलाई राजनीतिक रूपमा अलग्याउने प्रयास भयो । तर त्यो बाह्य दबाबभन्दा ठूलो सङ्कट पार्टीभित्र विकसित भइरहेको थियो–गिर्दो वैचारिक धार, संगठनात्मक चरित्र र ह्रासोन्मुख संस्थागत ऊर्जा।

निर्वाचनअघि नै पार्टीभित्र असन्तुष्टि सतहमै देखिन थालेको थियो । विभिन्न तहका नेताहरूले नेतृत्व शैलीमाथि प्रश्न उठाउन थाले । धेरैको बुझाइमा पार्टी सञ्चालन अत्यधिक व्यक्ति केन्द्रीत बन्दै गएको थियो, जहाँ संस्थागत छलफलभन्दा व्यक्तिगत निष्ठाले बढी स्थान पाउन थालेको थियो।

एमालेभित्र 'कम्प्रेडीपन' भन्दा 'चाकडी संस्कृति' हाबी हुँदै गएको गुनासो व्यापक सुनिन थाल्यो । आलोचनात्मक बहसभन्दा प्रशंसात्मक घेराबन्दी बलियो हुँदै गएको आरोप लाग्न थाल्यो । यसको असर टिकट वितरणसम्म देखिएको टिप्पणी पार्टीभित्र व्यापक रह्यो । लामो समय सङ्गठनमा काम गरेका, जनाधार भएका वा वैचारिकरूपमा सक्रिय नेताभन्दा नेतृत्वनिकट समूहलाई प्राथमिकता दिइएको आरोप उठ्यो।

त्यसले एमालेभित्र एउटा गम्भीर मनोवैज्ञानिक प्रश्न जन्मायो–पार्टी अझै सङ्गठनबाट चलिरहेको छ, कि व्यक्तिकेन्द्रित संरचनाबाट ? निर्वाचन अभियानले त्यो सङ्कटलाई अझ स्पष्ट बनायो । एमालेले अध्यक्ष ओलीलाई प्रधानमन्त्रीको मुख्य अनुहार बनाएर चुनाव लड्यो । तर चुनावी मैदानमा एउटा असामान्य दृश्य देखियो–ओलीको निर्वाचन क्षेत्रबाहेक अन्य धेरै क्षेत्रमा प्रचारका क्रममा स्वयं ओलीको नाम उल्लेख गर्न नेताहरू हिच्किचाउन थाले।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# प्रतिनिधिसभामा विरोध जारी राख्ने विपक्षी दलहरूको निर्णय



काठमाडौं । प्रतिनिधिसभा विरोधलाई विपक्षी दलहरुले निरन्तरता दिने भएका छन् । एमाले संसदीय दलको कार्यालयमा बसेको विपक्षी दलहरुको बैठकले उक्त निर्णय गरेको हो । प्रधानमन्त्री बालेन्द्र शाहले सदनको उपेक्षा गरेको भन्दै विपक्षीहरु सदनमा विरोध प्रदर्शन गर्दै आएका छन् । विपक्षी दलहरुको बैठकमा कांग्रेसका प्रमुख सचेतक बास्ना थापा, एमालेका ऐन महर, नेकपाका युवराज दुलाल र राप्रपाका प्रमुख सचेतक खुश्बु ओली सहभागी थिए । विपक्षीहरुको आवाजलाई दबाएर सदन अघि बढेकोमा उनीहरुले सरकार पक्षको आलोचना गरेका थिए । उनीहरुले सभामुखको दलीय भूमिकाका बारेमा पनि गम्भीर छलफल गरेका थिए । रासस

# हेटौँडा सिमेन्ट उद्योग बन्द हुनु दुःखद् हो, यसलाई सरकारले चलाउँछः मन्त्री यादव

बागमती । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि आर्थिक सङ्कटसँग जुध्दै आएको हेटौँडा सिमेन्ट उद्योगको आईतबार निरीक्षण गरेकी छिन् । कुनै बेला बन्द हुने र कुनै बेला सञ्चालन हुने नियति भोग्दै आएको उक्त सिमेन्ट उद्योगको अवस्था बुझ्न मन्त्री यादवले आज उद्योगको निरीक्षणसँगै व्यवस्थापन र कर्मचारीहरुसँग छलफलसमेत गरेकी छिन् ।
उद्योग निरीक्षणपश्चात् आयोजित छलफल कार्यक्रममा मन्त्री यादवले सरकारको स्वामित्वमा रहेको सिमेन्ट उद्योग बन्द हुनु अत्यन्तै दुःखद् भएको बताउनुहुँदै सरकार बन्द रहेका सबै उद्योग सञ्चालन गर्ने तयारीमा रहेको बताइन् ।
हेटौँडा सिमेन्ट उद्योग नियमित रुपमा कसरी सञ्चालन गर्न सकिन्छ, त्यस विषयमा हामीले अध्ययन गरिरहेका छौँ, मन्त्री यादवले भनिन्, थुप्रै निजी सिमेन्ट उद्योगहरू नियमित सञ्चालन हुने तर सरकारी स्वामित्वको सिमेन्ट उद्योग बन्द



हुने यो असाध्यै दुःखद् कुरा हो । सरकारले हेटौँडा सिमेन्ट उद्योगको समस्यालाई गम्भीरतापूर्वक लिएको छ, छिट्टै सबै समस्या समाधान गरेर नियमित सञ्चालनको वातावरण बनाउँछ", मन्त्री यादवले भनिन् । उद्योग बन्द हुँदा रोजगारीमात्र गुम्दैन, देशको आर्थिक अवस्थामा पनि असर पर्छ, मन्त्री यादवले भनिन्, त्यसैले जसरी भए पनि सिमेन्ट उद्योगलाई सञ्चालन गर्न सरकार चाहिरहेको छ, यसमा सबैको सहयोग आवश्यक छ । सरकार एक्लैले मात्र चाहेर उद्योग नियमित चल्न नसक्ने भएकाले यसमा व्यवस्थापन र कर्मचारीको पनि त्यत्तिकै सहयोग आवश्यक रहेको उल्लेख गर्दै मन्त्री यादवले बन्द अवस्थामा रहेको हेटौँडा सिमन्ट उद्योग नियमित सञ्चालनका लागि सरकार सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।
कार्यक्रममा हेटौँडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहले मेसिन पुरानो र जीर्ण भएकाले समय–समयमा बिग्रिने र आर्थिक सङ्कटका कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द भएको जानकारी दिए । मेसिनको मर्मतसम्भार गरेर समय–समयमा थोरै भए पनि सिमेन्ट उत्पादन गर्दै आएकामा पछिल्लो समय कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द गर्नुपरेको जानकारी दिँदै निमित्त महाप्रबन्धक साहले आर्थिक समस्याका कारण कर्मचारीहरुलाई ११ महिनादेखि तलबभत्ता उपलब्ध गराउन नसकिएको, कच्चा पदार्थ आपूर्तिकर्ताको पुरानो बक्यौता तिर्न नसकेको, बिजुली महसुल भुक्तानी गर्नेलगायत समस्या अवगत गराए । तत्काल देखिएको आर्थिक समस्यालाई समाधान गर्न सकिए उद्योग नियमित सञ्चालन गर्न सकिने उनको भनाइ थियो ।
विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरुको भनाइ छ । रासस

# नेपालले सन्तुलित कूटनीति अपनाउनुपर्छः मुख्यमन्त्री



गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्व राजनीतिमा देखिएको विद्यमान परिस्थितिमा नेपालले सन्तुलित कूटनीति अपनाउँदै अघि बढ्नुपर्ने बताएका छन् ।
गणेशमान फाउन्डेसन गण्डकी प्रदेश समितिद्वारा आइतबार पोखरामा आयोजित समसामयिक भूराजनीतिक विषयक अन्तर्क्रियामा उनले शक्ति राष्ट्रबीच भइरहेको द्वन्द्वका कारण विश्वको सामाजिक, आर्थिक क्षेत्र प्रत्यक्ष प्रभावित रहेको बताए । विश्व परिवेश तीव्र रूपमा परिवर्तन भइरहेका बेला नेपालले सन्तुलित कूटनीतिक अपनाउँदै आर्थिक, सामाजिक र राजनीतिक स्थायित्व कायम गर्नुपर्ने जोड दिँदै मुख्यमन्त्री पाण्डेले भने,, राष्ट्रिय हितको संरक्षणका लागि सम्पूर्ण नेपाली एकताबद्ध हुनु अपरिहार्य छ ।
फाउन्डेसनका अध्यक्ष दुर्गाप्रसाद तिमिल्सिनाले नेपालको स्वतन्त्रताको आन्दोलनमा गणेशमान सिंहले गरेको योगदान अतुलनीय भएको बताए ।
व्यक्तिगत स्वार्थको पछि नलागी सिंहले गरेको त्याग र समर्पण भावी पुस्ताका लागि पनि प्रेरक भएको उनको भनाइ छ ।
बुद्धछिरिङ मोक्तान र आनन्दराज मुल्मीले लौहपुरुष गणेशमान सिंहले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा पुर्याएको अतुलनीय योगदानका बारेमा चर्चा गरेका थिए ।
कार्यक्रममा प्रदेशअन्तर्गतका विभिन्न जिल्लाका राजनीतिक, सामाजिक व्यक्तित्वहरुको सहभागिता रहेको फाउन्डेसनका गण्डकी प्रदेशका सदस्य कुमार रानाले जानकारी दिए । रासस

# अन्तरनिकाय समन्वय नहुँदा खानेपानी लाइनमा छ करोड ५९ लाख बराबरको क्षति




काठमाडौँ । सरकारी निकायबीच एक आपासमा समन्वय नगरी काम गर्दा काठमाडौँ उपत्यकाभित्र विच्छ्याइएका खानेपानीको पाइप लाइनमा क्षति भएको पाइएको छ ।
महालेखापरीक्षकको कार्यालयले तयार पारेको ६३औँ वार्षिक प्रतिवेदनअनुसार अन्तरनिकायबीच समन्वय नगरी काम गर्दा खानेपानी लाइनमा छ करोड ५९ लाख ६८ हजार बराबरको क्षति भएको पाइएको छ । क्षति भएको रकम बराबरको शोध भर्ना लिनुपर्नेमा त्यस वापतको रकम प्राप्त हुनसकेको छैन ।
काठमाडौँ उपत्यकामा विच्छ्याइएको पाइपमा सडक, विद्युतलगायतका कार्य गर्दा पाइपमा क्षति पुगेको थियो । विवरणअनुसार नेपाल विद्युत् प्राधिकरणले काम गर्दा एक करोड ६७ लाख ५७ हजार बराबरको क्षति पुगेको छ । यस्तै, सडक विभागले आवश्यक काम गर्दा दुई करोड ८० हजार, ललितपुर महानगरपालिकाले आवश्यक काम गर्दा एक करोड १२ लाख ७३ हजार र अन्य निकायका तर्फबाट एक करोड ९१ लाख ३८ हजार बराबरको क्षति पुगेको थियो । यसैगरी एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता अन्त्य गरी नयाँ सम्झौता गरिएको सन्दर्भमा कार्यसम्पादन जमानत र पेश्कीसमेत गरी दुई अर्ब ५९ करोड ९९ लाख असुल गर्ने गरी निर्णय भएको थियो । सो निर्णय बमोजिम उक्त रकम असुल नभएकामा महालेखाले प्रश्न उठाएको छ । काठमाडौँ उपत्यकाको कोड्कु, सल्लाघारी, धोबिघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माणका सन्दर्भमा एक निर्माण व्यवसायीसँग ठेक्का तोडेर अर्को ठेक्का गरेको थियो ।
सुरुमा एक विदेशी कम्पनीसँग तीन अर्ब ४६ करोड १६ लाखमा सम्झौता भएको थियो । सो कम्पनीले ७८ करोड ७७ लाख २५ हजार बराबरको कार्य सम्पन्न भएको थियो ।
तोकिएको समयमा काम नभएपछि ठेक्का सम्झौता अन्त्य गरी पुनः नयाँ निर्माण व्यवसायी छनौट गरिएको थियो । नयाँ व्यवसायी छनोट अघि रु छ अर्ब ४७ करोड एक लाख बराबरको लागत अनुमान गरिएको थियो । रासस

# सीमा अध्ययन गर्न सरकारले बनायो समिति



काठमाडौं । सरकारले बाजुरा र हुम्ला जिल्लाको सीमा सम्बन्धी प्राविधिक पक्षको अध्ययन गरी प्रतिवेदन पेस गर्न नापी विभागका उपमहानिर्देशक सुशिल डंगोलको संयोजकत्वमा एक समिति गठन गरेको छ ।
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको अध्यक्षतामा जेठ १० गते सिंहदरबारमा बसेको बैठकले उक्त समिति गठन गर्ने निर्णय गरेको हो ।
समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका साथै कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट एक(एक जना प्रतिनिधि सदस्य रहनेछन् । त्यस्तै, नापी विभागका निर्देशकलाई समितिको सदस्य(सचिवको जिम्मेवारी दिइएको छ ।
बैठकमा भूमि मन्त्रालयका सचिव मदन भुजेल, प्रधानमन्त्री बालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दिपा दाहाल, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहाल, नापी विभागका महानिर्देशक प्रकाश जोशी, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव भिम बुढा,नापी विभागका निर्देशक दयानन्द जोशी र नापी अधिकृत ज्योति ढकालको सहभागिता रहेको थियो ।
फाउन्डेसनका गण्डकी प्रदेशका सदस्य कुमार रानाले जानकारी दिए । रासस

# रास्वपा प्रथम महाधिवेशनको कार्यतालिका सार्वजनिक




काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रथम राष्ट्रिय महाधिवेशनको लागि कार्यतालिका सार्वजनिक गरेको छ । पार्टीको केन्द्रीय निर्वाचन आयोगले महाधिवेशनको तयारीका लागि विभिन्न चरणका कामहरूको समयसीमा निर्धारण गरेको हो ।
स्वीकृत कार्यतालिकामा ७७ वटा जिल्ला र ७ वटै प्रदेशमा निर्वाचन समिति गठनदेखि लिएर महाधिवेशन प्रतिनिधिको नामावली संकलनसम्मका कामहरू समेटिएका छन् ।
जिल्ला तथा ७ प्रदेशमा निर्वाचन समिति गठन गर्ने कार्य जेठ ७ गतेदेखि सुरु भई जेठ १५ गतेभित्र सम्पन्न गरिसक्नुपर्नेछ । त्यसैगरी, आधिकारिक परिपत्र तथा माइन्युट प्रतिलिपि पठाउने कार्य जेठ १० सम्म र स्थानीय तथा जिल्ला अधिवेशनको प्रतिवेदन संकलन गर्ने कार्य जेठ २० गतेसम्मका लागि तोकिएको छ ।
जिल्ला अधिवेशन तथा निर्वाचन प्रतिवेदन पेश गर्ने अन्तिम मिति जेठ ३० गते र महाधिवेशन प्रतिनिधिको नामावली पेश गर्ने मिति जेठ २५ गतेसम्म निर्धारण गरिएको छ । यस्तै, प्रदेश अधिवेशनबाट निर्वाचित पदाधिकारीहरूको विवरण असार ५ गतेभित्र बुझाइसक्नुपर्ने सूचनामा उल्लेख छ । रास्वपाको पहिलो महाधिवेशन आगामी असार ७, ८ र ९ गते चितवनमा हुँदैछ ।

# प्राविधिक शिक्षा विस्तारमा सहकार्य हुन्छः बेलायती मन्त्री

काठमाडौं । नेपालको तीन दिने भ्रमणमा रहेकी संयुक्त अधिराज्यका 'इण्डो प्यासिफिक' र समानतासम्बन्धी मन्त्री सीमा मल्होत्राले नेपालको शैक्षिक गुणस्तर र प्राविधिक शिक्षाको विस्तारमा आफूहरुले सहकार्य गर्ने बताएकी छिन् ।
'नेपाल–ब्रिटेन चेम्बर अफ कमर्श एण्ड इण्डस्ट्रिज'द्वारा आज आयोजित 'नेपालका लागि बेलायतको शैक्षिक साझेदारीको दायरा' विषयक उच्चस्तरीय छलफलमा उनले दुई देशबीचको आपसी सम्बन्धलाई अझ गाढा बनाउन सहकार्यको प्राथमिकतामा शिक्षा रहने भएकाले आफूहरूले मानवीय पुँजीका लागि लगानी गर्ने जानकारी दिइन् । शिक्षामा पहुँच विस्तार र रोजगारीलाई महत्त्व दिँदै अर्थतन्त्रसँग शिक्षाको अन्तरसम्बन्धलाई जोड्नुपर्ने उनको भनाइ थियो ।
बेलायतको एक अभिष्ट शैक्षिक विकास हो । कसरी शिक्षामार्फत युवालाई अवसर सृजनामा सहयोग गर्न सकिन्छ भनेर हामी सोचिरहेका छौँ, उनले भनिन्, नेपालमा बेलायती सम्बन्धनप्राप्त कलेज र बेलायतमा नेपालबाट पढ्न गएका विद्यार्थीका माध्यमबाट दुई देशको शैक्षिक सहकार्य र सम्बन्ध झल्किएकै छ । शिक्षाका अन्य क्षेत्रमा नेपालको नयाँ सरकारका प्राथमिकताका आधारमा सहकार्य बढाउन हामी तयार छौँ ।
मन्त्री मल्होत्राले भ्रमणका क्रममा अर्थमन्त्री डा स्वर्णीम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायतसँग भेटवार्ता गरेकी थिइन् । नेपालका लागि बेलायतका राजदुत रब फेनले द्वीगो लगानीका बहुक्षेत्रका विषयमा उनीहरूबीच विमर्श भएको जानकारी दिए ।
बेलायत सरकारले दीर्घकालीन साझेदारीको सोचअन्तर्गत आधिकारिक विकास सहायता (ओडिए)मार्फत् अन्तरराष्ट्रिय विकासलाई समर्थन गर्दै आएको छ । कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव चन्द्रकान्त भुसालले विविधता, समतामूलक समावेशीता, प्राविधिक शिक्षा र अशल शासनजस्ता सवालमा नेपाल सरकारले वैदेशिक सहकार्य खोजेको बताए ।
प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का पूर्वसदस्यसचिव डा रामहरि लामिछानेले नेपालमा 'सेक्टर स्किल काउन्सिल' स्थापना, बेलायतको गुणस्तर मापन प्रणाली विकास र अनुसन्धानमूलक उच्चशिक्षामा सहयोग आवश्यक भएको बताए । नेपाल शैक्षिक परामर्श व्यवसायी महासङ्घका महासचिव डा उद्धव खड्काले उच्चशिक्षा अध्ययनका लागि नेपालबाट गत आर्थिक वर्षका २३ हजार विद्यार्थी बेलायत गरेको जानकारी दिए ।
छलफलमा 'सिल्भर माउन्टेन स्कुल अफ होटल म्यानेजमेन्ट'का प्रबन्ध निर्देशक आभा शाह, जेम्स कलेजका प्रिन्सिपल जेडी भट्टलगायतले नेपाल र बेलायतको शैक्षिक सहकार्यबारे सुझाव दिएका थिए । रासस

# ज्येष्ठ नागरिक, अपाङ्ग र अशिक्षितलाई

## बैंकिङ सेवामा प्राथमिकता दिन राष्ट्र बैंकको निर्देशन




**काठमाडौं ।**
नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपाङ्ग र साक्षर नभएका व्यक्तिलाई बैंकिङ सेवामा विशेष प्राथमिकता दिन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । बैंक तथा वित्तीय संस्थाले ज्येष्ठ नागरिक, अपाङ्ग र साक्षर नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रुपले बैंकिङ सुविधा उपलब्ध गराउन विशेष काउन्टर तोकी सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाले एक आपसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा शाखा अपाङ्गमैत्री हुनुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । यस प्रकारको शाखाको विवरण बैंकहरुले वेबसाइटमा राख्नुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थालाई एक आपसमा सहकार्य गरी एटीएम लाउञ्ज भएका स्थानमा ब्रेल साइ कन्ट्रोल बटन्स र अडियो सपोर्टसहितको कम्तीमा एक अपाङ्गमैत्री एटीएम राख्न केन्द्रीय बैंकले निर्देशन दिएको छ । यस प्रकारको एटीएमको विवरण पनि वेबसाइटमा राख्नुपर्नेछ । एटीएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङजस्ता वित्तीय सेवा अपाङ्गता भएका व्यक्ति आफैले उपयोग गर्न नसक्ने स्वघोषणा गरेको खण्डमा इजाजतपत्रप्राप्त संस्थाले त्यस्तो सेवा निज व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

बैंक तथा वित्तीय संस्थाले आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ एप दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ । बैंक तथा वित्तीय संस्थाले जारी गर्ने डेविटरक्रेडिट कार्डमा दृष्टिविहीनमैत्री ट्याक्टीकल फिचर राख्नुपर्नेछ । रासस

# जलजलाको सम्भावना उल्झ्याउने र समस्या सुल्झाउने धवलागिरिको प्रयास

**म्याग्दी ।**
प्रशस्त पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेको जलजलाको सम्भावना उजागर गर्न र समस्या पहिचान गरी त्यसलाई सुल्झाउने प्रयास सुरु गरिएको छ । म्याग्दीको धवलागिरि गाउँपालिका–२ मा रहेको जलजलाको सम्भावना उजागर, समस्या समाधानका लागि साझा मुद्दा तय गरी जिल्ला, प्रदेश, सङ्घीय तहमा पहल गर्ने उद्देश्यले आइतबारदेखि सुरु भएको पर्यटन प्रर्वद्धन कार्यक्रम दुई दिनसम्म चल्नेछ ।

समुद्री सतहदेखि तीन हजार ४१८ मिटर उचाइमा रहेको र ढोरपाटन सिकार आरक्षमा समेटिएको जलजला म्याग्दीको धवलागिरि गाउँपालिकाको वडा नं २ को भूगोलमा पर्छ । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले ढोरपाटन र जलजलाबाट म्याग्दीले लाभ लिने वातावरण सृजना गराउने उद्देश्यले म्याग्दीका जनप्रतिनिधि, निजी क्षेत्र, स्थानीय सरोकारवालाको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

बेनीदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना–खोरीया–मरेनी–जलजला–ढोरपाटन हुँदै पूर्वीरुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलेपछि सृजना भएको अवसरको सदुपयोग र देखिएका समस्या समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउन कार्यक्रम गरिएको हो, उनले भने, सङ्घीय,



प्रदेश सांसद, म्याग्दीका छवटै स्थानीय तह, जलजलासँग सरोकार राख्ने बागलुङको ढोरपाटन, पूर्वीरुकुमको पुथाउत्तरगङ्गा र भुमे गाउँपालिकाका जनप्रतिनिधि, अगुवा र विज्ञहरूको उपस्थितिमा बृहत् छलफल गरी साझा धारणा र योजना तय गरिनेछ ।

कार्यक्रममा सहभागी हुन अतिथिहरू आज दिउँसो जलजलामा पुगिसकेका छन् । सोमबार बिहान जलजला घोषणापत्र जारी गर्दै कार्यक्रम समापन गरिने तय भएको छ । गुर्जा, धवलागिरि, चुरेन, पुथा, अन्नपूर्ण हिमालको काँखमा समथर भूगोलमा रहेको जलजला ढोरपाटन सिकार आरक्षको ‘भ्यूप्वाइन्ट’ हो । नेपालको एकमात्र ढोरपाटन सिकार आरक्षको दुईवटा मनसुन र बार्से ब्लकसहित १३ प्रतिशत भूगोल म्याग्दीमा परे पनि सलामी दस्तुर नपाएको र गुर्जाघाटलगायत ठाउँमा रहेको सीमा विवादको समस्या समाधानका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गराइने धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए ।

‘गत फागुनमा मार्ग खुलेको बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकलाई स्तरोन्नति गरी मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्पका रूपमा विकास गराउन प्रदेश र सङ्घीय सरकारलाई दबाब दिन म्याग्दीको साझा मुद्दा तय हुनेछ’, उनले भने, ‘जलजला घुम्न आउने पाहुनाहरूको सुविधा र सहजताका लागि पूर्वाधार तयार पार्न र सिकार आरक्ष वरपरका बस्तीका नागरिकले प्राकृतिक स्रोतसाधनको उपभोगमा भोगेको समस्या समाधानका लागि दबाब दिनलाई पनि सम्बन्धितस्थलमै कार्यक्रम गरिएको हो ।’

समथर पाटनको शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउनु जलजला उपत्यकाको विशेषता हो । समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गराउँछ जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ । बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विषेशता हो ।

गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा बस्ती, होटल र रेष्टुरेन्ट छैन । म्याग्दीको लुलाङका फुलबहादुर विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आएका छन् । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैँ बन्दोबस्तीको सामान लगेर जानुपर्छ ।

ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ । धवलागिरि गाउँपालिकाको केन्द्र मुनादेखि जिप र मोटरसाइकलमा दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ । जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा)को बासस्थान भएकाले थप महत्त्व रहेको छ ।

दुईतर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्छ । जलजला धवलागिरि गाउँपालिकाको मुना, दर, फलियागाउँ, लुलाङ, लमसुङ, खोरिया र मरेनीका बासिन्दाको चरन क्षेत्र हो । यस वर्ष धवलागिरि गाउँपालिकाले जलजलामा सार्वजनिक शौचालयलगायत पर्यटकीय पूर्वाधार निर्माण गरेको छ । आवास र खानेपानी अभाव जलजलाको मुख्य समस्या बनेको छ । रासस

# पाकिस्तानः बलुचिस्तान

# रेल विस्फोटमा २४ जनाको मृत्यु



**पाकिस्तान ।**
पाकिस्तानको अशान्त दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानमा सैनिक कर्मचारी र उनीहरूका परिवार बोकेको रेललाई निशाना बनाएर आइतबार गरिएको शक्तिशाली विस्फोटमा कम्तीमा २४ जनाको मृत्यु र ५० भन्दा बढी घाइते भएको एक वरिष्ठ अधिकारीले बताएका छन् ।

प्रान्तीय राजधानी क्वेटा नजिकै भएको उक्त आक्रमणपछि घटनास्थलमा ठूलो क्षति पुगेको छ र उद्धार कार्य जारी रहेको बताइएको छ ।

प्राप्त तस्बिरहरूमा रेलका डिब्बा पल्टिएको र क्षतिग्रस्त अवस्थामा देखिएको छ, जहाँ स्थानीय बासिन्दा र उद्धारकर्मीहरू भग्नावशेषमा फसेका मानिसहरूको खोजी गरिरहेका छन् । घाइते तथा मृतकलाई स्ट्रेचरमार्फत सुरक्षित स्थानमा सारिँदै गरेको दृश्य पनि देखिएको छ भने सुरक्षा बलले घटनास्थलमा कडा पहरा दिएको छ ।

अधिकारीका अनुसार क्वेटाबाट पेशावरतर्फ जाँदै गरेको उक्त रेलले चमन क्षेत्रको पटरी पार गरिरहेको बेला विस्फोटक पदार्थ बोकेको एक सवारीसाधनले रेलको डिब्बासँग ठक्कर दिएपछि ठूलो विस्फोट भएको थियो । विस्फोटका कारण रेलका झ्यालहरू फुटेका थिए र नजिकका केही डिब्बा पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए ।

अर्का अधिकारीले एएफपीलाई बताएअनुसार उक्त रेलमा सवार सैनिकहरू आगामी मङ्गलबारदेखि सुरु हुने ईद बिदा मनाउन परिवारसहित यात्रा गरिरहेका थिए ।

बलुचिस्तान पाकिस्तानको क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो तर विकासका सूचकाङ्कहरूमा देशकै सबैभन्दा पछाडि रहेको प्रान्त मानिन्छ । यहाँका बलुच पृथकतावादी समूहहरूले केन्द्र सरकारले स्थानीय जनतालाई लाभ नदिई प्राकृतिक ग्यास र खनिज स्रोतहरूको दोहन गरेको आरोप लगाउँदै आएका छन्, जसका कारण लामो समयदेखि सुरक्षा चुनौती कायम रहेको छ । रासस

# ललित र अर्जुनलाई समेट्दै नेपाल ‘ए’ टोलीको घोषणा



**काठमाडौं ।**
ललितनारायण राजवंशी र अर्जुन कुमाललाई समेट्दै भारतको उत्तराखण्डमा हुने अल इन्डियन गोल्डकपका लागि नेपाली ‘ए’ टिमको घोषणा भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार अनिलकुमार साहको कप्तानीमा १५ सदस्यीय नेपाल ‘ए’ टोलीको घोषणा गरेको हो । ललित र अर्जुन हालै सम्पन्न आइसीसी क्रिकेट विश्वकप लिग–२ अन्तर्गत स्कटल्यान्ड र अमेरिका सम्मिलि त्रिकोणात्मक एकदिवसीय शृंखलामा सिनियर टोलीको सदस्य थिए । नेपाल ‘ए’ले मे ३० मा केरलासँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । टोलीले मे ३१ मा गोवा र जुन २ मा उडिसाको सामना गर्नेछ । प्रतियोगिताको क्वार्टरफाइनल जुन ४, सेमिफाइनल जुन ६ र फाइनल जुन ७ मा हुनेछ ।

नेपाल ‘ए’ टोलीमा अनिलकुमार साह (कप्तान), मयन यादव, तृतराज दास, देव खनाल, रशिद खान, ललितनारायण राजवंशी, बसिर अहमद, नारायण जोशी, आकाश चन्द, हेमन्त धामी, पवन सरार्फ, दीपक डुम्रे, युवराज खत्री, विपीन खत्री र अर्जुन कुमाल रहेका छन् । रासस

# रुबियोको दिल्ली भ्रमण



**नयाँदिल्ली ।**
अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आइतबार भारतीय समकक्षी सुब्रमण्यम जयशङ्करसँग उच्चस्तरीय वार्ता गरेका छन् । वार्ताको उद्देश्य वासिङ्टन र नयाँदिल्लीबीच पछिल्ला वर्षहरूमा कमजोर हुँदै गएको विश्वासलाई पुनःस्थापित गर्ने प्रयास गर्नु रहेको छ । अमेरिका र भारतबीच सम्बन्ध हाल करिब दुई दशकयताकै सबैभन्दा तल्लो स्तरमा पुगेको मानिन्छ र यसलाई मुख्य रूपमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीति तथा भारतीय निर्यातमाथि बढाइएको शुल्कले थप जटिल बनाएको छ ।

रुबियो क्वाड भनेर चिनिने इन्डो–प्यासिफिक सुरक्षा संरचनामा सहभागी भारत, अस्ट्रेलिया र जापानका विदेशमन्त्रीहरूसँग मङ्गलबार हुने बैठकअघि पहिलो औपचारिक भारत भ्रमणका लागि शनिबार नयाँदिल्ली आइपुगेका हुन् । नयाँदिल्लीमा रुबियोले भारतलाई संयुक्त राज्य अमेरिकाको इन्डो–प्यासिफिक रणनीतिक दृष्टिकोणको ‘आधारशिला’ भएको उल्लेख गर्दै द्विपक्षीय सम्बन्ध मात्र नभई बहुपक्षीय सहकार्यमा पनि यसको महत्त्व रहेको बताए ।

उनको चार दिने भ्रमणमा भारतमा भव्य स्वागत तथा अमेरिका स्वतन्त्रताको २५०औँ वार्षिकोत्सवसँग जोडिएका विभिन्न कूटनीतिक कार्यक्रमहरू समावेश छन् । भारतका पूर्व विदेश नीति सल्लाहकार अशोक मलिकले पछिल्लो समय व्यापार, सुरक्षा र कूटनीतिक विषयमा वासिङ्टनबाट आएका बयानबाजीले सम्बन्धमा असहजता र विश्वासको कमी सिर्जना गरेको टिप्पणी गरे । उनका अनुसार यदि यस भ्रमणले सम्बन्धलाई थप बिग्रन नदिई स्थिर बनाउन सकेमा मात्र यसलाई सफल मान्न सकिन्छ ।

विशेषज्ञहरूका अनुसार अमेरिका र भारतबीच संरचनात्मक रूपमा फरक प्राथमिकता र रणनीतिक दृष्टिकोण भए पनि साझा सुरक्षा चिन्ताले उनीहरूलाई नजिक ल्याएको छ । भारत परम्परागत रूपमा रूससँग नजिक रहे पनि पछिल्ला वर्षहरूमा अमेरिकासँग नजिकिँदै गएको देखिएको छ तर ऐतिहासिक अविश्वास र सांस्कृतिक भिन्नताले यो सम्बन्धमा निरन्तर असर पार्दै आएको छ । इन्डो–प्यासिफिक क्षेत्रमा चीनको बढ्दो सैन्य र आर्थिक प्रभावका कारण क्वाड फोरममार्फत भारत, अमेरिका, अस्ट्रेलिया र जापानबीच सहकार्य विस्तार हुँदै आएको छ । यी देशहरूले दक्षिण चीन सागरमा चीनको गतिविधिप्रति बारम्बार आलोचना गर्दै आएका छन् भने बेइजिङले भने आफ्नो गतिविधि रक्षात्मक भएको दाबी गर्दै आएको छ ।

जनवरी २०२५ मा अमेरिकी राष्ट्रपतिको कार्यभार सम्हालेपछि रुबियोको पहिलो अन्तर्राष्ट्रिय संलग्नता पनि क्वाड बैठक नै थियो । यसले यस क्षेत्रप्रति वासिङ्टनको प्राथमिकता झल्काउँछ । तर पछिल्ला महिनाहरूमा विभिन्न कूटनीतिक घटनाक्रमले भारत–अमेरिका सम्बन्धमा तनाव थपिएको विश्लेषण गरिएको छ । विशेषगरी भारत–पाकिस्तान तनावमा अमेरिकी भूमिकाबारे असन्तुष्टि, रूसबाट तेल खरिदका विषयमा वासिङ्टनको आलोचना तथा व्यापार नीतिका कारण सम्बन्धमा चिसोपन बढेको बताइन्छ ।

विशेषज्ञहरूका अनुसार भारतले अमेरिकाको नीतिगत अस्थिरताप्रति केही आशङ्का राखे पनि दीर्घकालीन रणनीतिक सहकार्यलाई पूर्ण रूपमा तोड्ने पक्षमा छैन । उनीहरूका अनुसार भारतले अहिले ‘रणनीतिक धैर्य’ अपनाउँदै आगामी अमेरिकी राजनीतिक परिवर्तनपछि सम्बन्ध पुनः सन्तुलनमा आउने अपेक्षा राखिरहेको छ । रासस

# गाउँपालिकालाई एक बिघा १० कट्ठा जग्गा दान

**कैलाली ।**
जानकी गाउँपालिकाले स्थापना भएको एक दशकपछि प्रशासनिक भवन निर्माणको काम थालेको छ । गाउँपालिकाभित्र सार्वजनिक जग्गा नहुँदा जग्गा प्राप्तिमा समय लागेपछि गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि एक दशक कुर्नु परेको हो । एक बिघा १०कट्ठा जमिन इँट्टा व्यवसायी तेजप्रताप राणाले गाउँपालिकालाई दान गरेपछि प्रशासनिक भवनको काम सुरु भएको गाउँपालिकाका इन्जिनियर योगेन्द्र शाहीले जानकारी दिएका छन् ।

बाह्र करोड आठ लाख २७ हजार ९३८ को लागतमा अढाई तलाको प्रशासनिक भवनको कामत्रिवेणी, लाफा, शुभलक्ष्मी जेभीले गरिरहेको इन्जिनियर शाहीको भनाइ छ । उनका अनुसार २०८२ असार २२ गते भवन निर्माणका लागि भएको सम्झौताअनुसार २०८४ असार २० गते सम्पन्न गरिसक्नुपर्नेछ । जग्गा नभएका कारण भवन निर्माणमा ढिलाइ भएको हो, इन्जिनियर शाही भन्छन्, अर्को वर्षबाट गाउँपालिकाले आफ्नै भवनबाट सेवा दिन्छ ।

निर्माण कम्पनीका इन्जिनियर मनिषकुमार शाहले हालसम्म २५ प्रतिशतमाथि काम भएको बताएका छन् । उनले भवन निर्माण स्थलमा डुबानको समस्या हुने हुँदा बर्सातको समयमा काम गर्न कठिन हुने गरेको बताए । जगको काम सम्पन्न भएको छ । यो असारसम्म पहिलो तलाको काम सम्पन्न गर्ने लक्ष्य छ, उनी भन्छन्, “काम गर्दै जाँदा समस्या नआए समयमै भवन सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गर्छौं । गाउँपालिकाले वडा नं १ को प्रशासनिक भवनबाट हाल सेवा प्रवाह गर्दै आएको छ । केही शाखा अहिले पनि भाडाको घरमा सञ्चालनमा छन् । वडा नं १ को सेवा प्रवाह साबिकको दुर्गौली गाविसको भवनबाट भइरहेको छ । गाउँपालिकामा सार्वजनिक जग्गाको समस्याका कारण वडा नं ५ र वडा नं ६ को प्रशासनिक भवन पनि निर्माण हुन सकेको छैन । दुवै वडा कार्यालय भाडाको घरबाट सेवा प्रवाह गर्दै आएका छन् । रासस

# ‘बहाल–बहिल’ संस्कृतिको पुनरूत्थानमा काव प्रमुख डङ्गोलको प्रतिबद्धता



**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले बौद्ध परम्परतामा आधारित ‘बहाल–बहिल’ संस्कृति गौरवपूर्ण इतिहास भएकाले तिनीहरुको पुनरूत्थान गरिने बताएकी छिन् ।

नेपाल मण्डल लिटरेचर कल्चरल ट्रष्टले आइतबार आयोजना गरेको ‘बहाल–बहिल संस्कृति सामाजिक अध्ययन’ विषयक गोष्ठीमा कार्यवाहक प्रमुख डङ्गोलले काठमाडौँभित्र भएका बहाल–बहिलहरूको वस्तुगत परिस्थिति र सामाजिक पक्षहरूका विषयमा अध्ययनले थप उजगार गरेको बताइन् ।

काठमाडौँभित्र भएका १६ वटा बहिलमध्ये अहिले कतिवटा बहिलहरु नाम छ तर ती बहिलका संस्कृति, परम्परा र रीतिरिवाजहरूको अभिलेख नासिँदै गएको अवस्था छ ।

डङ्गोलले बहाल–बहिलका संस्कृति, परम्परा र रीतिरिवाजहरूको अभिलेख तयार गर्दै पुनरुस्थानसहित हस्तान्तरण, पुस्तान्तरणका लागि पनि योजना बनाएर अघि बढ्न सुझाव दिइन् ।

हामीले पुनरुस्थान गर्दै–गर्दा त्यहाँको सौन्दर्य, ऐतिहासिक र धार्मिक पक्षलाई पनि ख्याल गर्नुपर्छ, उनले भनिन्, त्योसँगै मूर्त–अमूर्त सम्पदाको संरक्षण र संवद्र्धनमा पनि हाम्रो ध्यान जान जरुरी छ ।

बहाल–बहिलको विकास, संरक्षण र पुस्तान्तरणका लागि हामी हातेमालो गरे अघि बढौँ भनेर आग्रह गर्न चाहन्छु ।

ट्रष्टका अध्यक्ष सन्ध्या बज्राचार्यले बहाल–बहिलको संस्कृतिको अध्ययन र अनुसन्धान आजको आवश्यकता भएको भन्दै गोष्ठीमा सहभागी विज्ञहरुको उपस्थितिमा ऐतिहासिक सम्पदा, बौद्ध दर्शन र परम्परागत सामाजिक संरचनालाई उजागर गर्ने विषयमा गहन छलफल गरेको जानकारी दिए ।

लोप हुन लागेका बही संस्कृति, त्यहाँका पुराना परम्परा र रीतिरिवाजहरूको अभिलेख तयार गर्ने, मध्यकाल र त्योभन्दा अगाडिदेखि विकास भएका बौद्ध विहारहरूको ऐतिहासिक पक्ष केलाउँदै नयाँ तथ्यहरू सार्वजनिक गर्ने, र युवा पुस्तालाई आफ्नो रैथाने संस्कृति र गौरवपूर्ण इतिहासप्रति जागरूक बनाउने जस्ता विषयमा केन्द्रित भएर सो क्षेत्रका विज्ञहरुल बताएका छन् ।

बौद्ध कलाअन्तर्गत बहिलभित्र संरक्षित मूर्तिहरू, पौभा चित्रकला, र विशेषगरी गुँला महिनामा गरिने ‘बही द्योः ब्वयेगु’ परम्परालाई कसरी अन्तरराष्ट्रियस्तरमा चिनाउने भन्ने विषयमा विज्ञहरूले सुझाव दिएका थिए । रासस

# सरकारले वाचापत्र अनुसार नै काम गरिरहेको छ : मन्त्री पोखरेल




**काठमाडौँ ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सरकार वाचापत्र अनुसार अघि बढिरहेको बताएका छन् ।

आइतबार काठमाडौँ क्षेत्र नम्बर ५ मा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा शिक्षामन्त्रीले सरकारको वाचा पत्रअनुसार काम अघि बढिरहेको बताएका हुन् ।

कार्यक्रममा मन्त्रीले सरकार र पार्टीले चुनावी वाचाअनुसार पहिलो महिना, सय दिन र एक वर्षभित्र गर्ने काम क्रमशः पूरा गर्दै गएको दावी गरे ।

मन्त्रीले पोखरेलले देशभरका सामुदायिक विद्यालयमा पहुँचका आधारमा स्रोत साधन वितरण हुने प्रवृत्ति रहेको उल्लेख गर्दै यसलाई वैज्ञानिक र व्यवस्थित बनाउन सरकारले देशभरका २७ हजार विद्यालयको अध्ययन सुरु गर्ने जानकारी दिए ।

उनले विश्वविद्यालय क्षेत्रमा बढ्दो राजनीतिकरण अन्त्य गरी प्राज्ञिक प्रणाली विकास गर्न खुला प्रतिस्पर्धामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको पिन जानकारी दिए ।

कार्यक्रममा मन्त्रीले निजी विद्यालयको शुल्क, दरबन्दी मिलान, सुकुमबासी बस्तीका विद्यार्थीको शिक्षा, स्थानीय पाठ्यक्रम, सार्वजनिक यातायात, विदेशी विश्वविद्यालयका कलेज नियमनलगायत विषयमा उठेका गुनासाहरू सम्बोधन गर्ने प्रतिबद्धता जनाए । रासस

# २४ घण्टामा ट्राफिक कारबाहीबाट चार लाख ७९ हजार सङ्कलन

**काठमाडौं ।**
ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टाको अवधिमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरेको ‘जाँच’का क्रममा एक हजार ८४१ जना सवारी चालकलाई कारबाही गरेको छ । उक्त कारबाहीबाट रु चार लाख ७९ हजार ५०१ राजस्व सङ्कलन गरिएको छ ।

आइतबार बिहानसम्म सञ्चालन गरिएको जाँचका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारी साधन चलाउने १०७, राइड सेयरिङमा १९२, रातोबत्तीमा १८३, तीव्र गतिमा १२६, लेनक्रसमा ४१, सडक फुटपाथमा ७५, हर्न निषेधमा १४९, एकतर्फीमा ७७ र अन्यमा ८९१ गरी कुल एक हजार ८४१ जना चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनले भने, उपत्यकामा २४ घण्टाको अवधिमा काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार ८४१ जना चालकहरूलाई कारबाही गरिएको छ । उक्त कारबाहीबाट जम्मा रकम रु चार लाख ७९ हजार ५०१ राजस्व दाखिला भएको छ ।

मादक पदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ । रासस

# मुस्ताङको लोमान्थाङ गाउँपालिकामा कर सेवा सुरु




**मुस्ताङ ।**
मुस्ताङको उपल्लो मुस्ताङस्थित लोमान्थाङ गाउँपालिकामा कर सेवा सुरु गरिएको छ । गाउँपालिकाको समन्वयमा आन्तरिक राजस्व कार्यालयले सेवा प्रवाह गर्न थालेको हो ।

आन्तरिक राजस्व कार्यालय बाग्लुङले व्यक्तिगत तथा व्यावसायिक उद्योग दर्तासम्बन्धी जिम्मेवारी लोमान्थाङ गाउँपालिकालाई अख्तियारी दिएको छ ।

उद्योग तथा व्यक्तिगत व्यवसाय दर्तासम्बन्धी सम्पूर्ण कार्यसम्पादन नेपाल सरकारले गत कात्तिक २९ गतेको निर्णयअनुसार कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) र स्थानीय तहलाई हस्तान्तरण गर्ने योजनाअनुसार आन्तरिक राजस्व कार्यालय बाग्लुङले मुस्ताङमा पहिलो पटक लोमान्थाङ गाउँपालिकाबाट दर्तासम्बन्धी अख्तियारी हस्तान्तरण गरेको आन्तरिक राजस्व कार्यालय बाग्लुङका कर अधिकृत राजन गमालले जानकारी दिए ।

यसअघि विभागको परिपत्रअनुसार आन्तरिक राजस्व कार्यालय बाग्लुङले पर्वतको पैँयु गाउँपालिका, बाग्लुङको गल्कोट नगरपालिका र म्याग्दीको बेनी नगरपालिकामा कर दर्ता सेवासम्बन्धी सेवा विस्तार गरेको थियो । कर अधिकृत गमालका अनुसार यसअघि व्यक्ति तथा व्यवसाय दर्ताका लागि आन्तरिक राजस्व कार्यालय बाग्लुङ धाउनुपर्ने अथवा जोमसोम जानुपर्ने अवस्था रहेकामा व्यवसाय दर्ता गर्ने सम्बन्धित व्यक्ति वा व्यवसायीहरूले गाउँपालिकाबाटै व्यवसाय दर्तासम्बन्धी सबै काम गर्न सकिने व्यवस्था मिलाइएको कर अधिकृत गमालको भनाइ छ ।

मुस्ताङमा आन्तरिक राजस्व कार्यालयले यहाँका पाँच स्थानीय तहमध्ये उपल्लो मुस्ताङको लोमान्थाङबाट कर सेवा सञ्चालनमा ल्याएको हो । योसँगै आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्र पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङमा कर सेवा विस्तार गर्ने क्रममा लोमान्थाङ गाउँपालिको चौथो स्थानीय तह भएको आन्तरिक राजस्व कार्यालय बाग्लुङले जनाएको छ ।

गाउँपालिकामा करदाता सेवा सञ्चालन भएसँगै स्थानीय उद्योगी र व्यवसायी करदातालाई कर दर्तासम्बन्धी सहज भएको छ । सरकारले कर भुक्तानी तथा कर चुक्ता प्रमाणपत्र लिने लगायतका व्यवस्था ‘अनलाइन’ प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था गरिसकेको छ । उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा आन्तरिक राजस्व कार्यालयको कर सेवा हस्तान्तरण भएसँगै स्थानीय व्यवसायीहरूलाई निकै सहज भएको गाउँपालिका उपाध्यक्ष छ्युमी बिष्टले उल्लेख गरे ।

व्यवसाय दर्ताका लागि लामो यात्रा र महँगो खर्च गरेर जोमसोम र बाग्लुङ कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको र यसले व्यवसायको समय बचत भएको उपाध्यक्ष बिष्टको भनाइ छ । रासस

# चिकित्सक सङ्घको सम्मेलन जेठ १६ र १७ मा




**चितवन ।**
नेपाल चिकित्सक सङ्घले यही जेठ १६ र १७ गते चिकित्सक सम्मेलन आयोजना गर्ने भएको छ । ‘आधुनिक, सुलभ, किफायती र समान स्वास्थ्य सेवाका लागि नवप्रवर्तनमार्फत प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण’ नाराका साथ सङ्घले आफ्नो ३०औँ सम्मेलन बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा गर्न लागेको हो ।

सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीका अनुसार सम्मेलनमा भारत र चीनका विशेषज्ञ चिकित्सकहरु सहित विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिहरु कार्यक्रममा सहभागी हुने कार्यक्रम छ ।

विश्व मेडिकल एसोसिएसनका विज्ञहरुको भिडियो प्रस्तुतीकरण रहनेछ । देशभरबाट प्रतिनिधिमूलक रुपमा चिकित्सकहरु सहभागी हुनेछन् । अध्यक्ष डा कार्कीका अनुसार सम्मेलनमा चार वटा समूहगत छलफल गरिने छ । कार्यक्रममा ६० कार्यपत्र र अन्य वैज्ञानिक प्रस्तुतीकरणसहित गरी १०० भन्दा बढी प्रस्तुतीकरण हुनेछन् ।

सोही अवसरमा सङ्घका नवनिर्वाचित पदाधिकारीलाई जिम्मेवारी हस्तान्तरण समेत गरिने छ ।

सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बीमा र मानव संसाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिने उनले बताए । हरेक दुई/दुई वर्षमा हुँदै आएको यो कार्यक्रम १२ वर्षयता तीनर तीन वर्षमा गर्न थालिएको छ । उनका अनुसार नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिनेछ ।

यसपटकको सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारहरूलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक सत्रहरू सञ्चालन हुने अध्यक्ष डा कार्कीले जानकारी दिए । रासस

# मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा, सडक आश्रित १२० जनाको उद्धार




**महेन्द्रनगर ।**
कञ्चनपुरको महेन्द्रनगरबाट दुई जना सडकआश्रित व्यक्तिको उद्धार गरिएको छ । मेची–महाकाली राष्ट्रिय उद्धार यात्रा, २०८३ को टोलीले एक महिला र पुरुषलाई उद्धार गरेको हो ।

उद्धार गरिएका उनीहरुलाई धनगढी मानव सेवा आश्रममा लगिएको मानव सेवा आश्रमका सदस्य उर्विन सापकोटाले जानकारी दिए । आइतबार धनगढीमा उद्धार गर्दैछौं, गत वैशाख २८ गते मेचीबाट सुरु भएको यात्राका क्रममा १२० जनाको उद्धार गरिएको छ, उनले भने ।

मानव सेवा आश्रमले सडकपेटीमा कसैले पनि कष्टकर जीवनयापन गर्न नपरोस भनेर काँकरभिट्टास्थित मेची पुलबा यात्रा सुरु गरेको थियो । यात्रा कञ्चनपुर–कैलाली हुँदै आइतबार बाँके पुग्नेछ ।

आनी छोइङ डोल्मा फाउन्डेसनकी संस्थापक एवं गायिका आनी छोइङ डोल्मा र आयोजक मानव सेवा आश्रमको टोली उद्धारका लागि यहाँ आइपुगेको हो । आश्रमका सदस्य सापकोटाले सडकआश्रित मानवहरूको उद्धारका लागि देशव्यापी यात्रामा रहेको बताए ।

उनले मानव सेवा आश्रमका देशका विभिन्न स्थानमा ३३ वटा सेन्टर रहेको जानकारी दिए । गायिका आनी छोइङ डोल्माले यात्रामा आर्थिक व्यवस्थापन गरेका छन् भने मानव सेवा आश्रमले अन्य व्यवस्थापकीय भूमि निभाउँदै आएको छ । रासस

# प्रगतिशील साहित्यको अवस्था र भावी कार्यदिशाबारे विचारगोष्ठी



**काठमाडौँ ।**
बूढानीलकण्ठ नगरपालिकाको सहकार्यमा प्रगतिशील लेखक सङ्घले आइतबार राष्ट्रिय साहित्यिक विचारगोष्ठीको आयोजना गरेको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालद्वारा जेनजी आन्दोलनसँग सम्बन्धित कविता वाचन गरेर उद्घाटित सम्मेलनमा नेपाली प्रगतिशील साहित्यको अवस्था र भावी कार्यदिशाबारे छलफल भएको छ ।

सङ्घका पूर्वअध्यक्ष मातृका पोखरेलद्वारा प्रस्तुत ‘प्रगतिशील साहित्यको वर्तमान अवस्था र भावी कार्यदिशा’ विषयक कार्यपत्रमा प्रलेसले नेपालको राजनीतिक परिवर्तनको कालखण्डमा सक्रिय सांस्कृतिक हस्तक्षेप र साहित्यलाई जनआन्दोलनसँग जोड्ने काम गरेको बताए । उनले वैचारिक सुदृढीकरण, साहित्यिक सृजना, समीक्षा, प्रकाशन, सङ्गठन, सङ्घर्ष, स्रष्टा हकहित र फरकफरक वाम समूहमा रहेर पनि प्रलेसभित्रको ऐक्यबद्धतामा जोड दिए ।

प्रलेसका सल्लाहकार डा विदुर चालिसेले ‘बूढानीलकण्ठ नगरपालिका प्रगतिशील साहित्य’ विषयक कार्यपत्र प्रस्तुत गर्दै नगरपालिकामा कविता वाचन, पुस्तक विमोचन र साहित्यिक सम्मेलनहरू नियमित हुन थालेको बताए । बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मीठाराम अधिकारीले कला, साहित्य र संस्कतिका क्षेत्रमा आफूहरूले सहकार्य बढाउने बताए ।

सङ्घका अध्यक्ष डा देवी क्षेत्री दुलालले नयाँ पुस्ताको सहभागितालाई सशक्त बनाउँदै प्रगतिशील साहित्यको अनुसन्धान तथा अभिलेखकीकरण कार्यलाई व्यवस्थित गर्नुपर्ने खाँचो औँल्याए । रासस

## खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव–२०८३:
# पाँच जनालाई नगदसहित सम्मान

**खोटाङ ।**
जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा सम्पन्न ‘तेस्रो बृहत् खोटाङ–हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव–२०८३’ को समापन कार्यक्रममा विभिन्न क्षेत्रमा रहेर देश विकासमा योगदान पु¥याउने पाँच जनालाई नगदसहित सम्मान गरिएको छ ।

नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते सङ्घ खोटाङले संयुक्त रुपमा आयोजना गरेको छदिने बृहत् खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव समापन कार्यक्रमका अवसरमा नगदसहित सम्मान गरिएको हो । साहित्यमा तेह्रथुमका साहित्यकार रविमान लम्जेल, शिक्षा तथा समाज सेवामा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–१३ नुनथलाका शिक्षक हेम नाछिरिङ, खेलकुदमा बुइपा–११ स्पोर्टस् क्लबका अध्यक्ष प्रभुराम राई र लफ्याङका वडाध्यक्ष दिनेश घिमिरे तथा पत्रकारितामा दिक्तेलकी पत्रकार सविना अछामे परियारलाई सम्मान गरिएको आयोजकले जनाएको छ ।

सम्मानित सबैलाई जनही नगद ११ हजार १११ को साथमा दोसल्ला ओढाएर कदरपत्र प्रदान गरिएको आयोजक नेपाल खेलकुद प्रतिष्ठान खोटाङका सचिव मिलन कसजूले जानकारी दिए ।

महोत्सवको अन्तिम दिन (शनिबार) साहित्यिक कार्यक्रम आयोजना गरिएको थियो । साहित्यिक कार्यक्रममा कवि मनु मञ्जिल, अछामका कवि कमल सङ्घर्ष, विराटनगरबाट बबिता भुजेल, भोजपुरबाट कविता राई र रजत किराती, खोटेहाङ प्रज्ञा प्रतिष्ठानका अध्यक्ष इन्द्र नाराथुङ्गे, दिप्रुङ चुइचुम्मा प्रज्ञा प्रतिष्ठानका सचिव कोपिता राईलगायत करिब ४० जना साहित्यकारले आ–आफ्नो सिर्जना वाचन गरेका थिए ।

महोत्सवको पहिलो दिन जेठ ३ गते खुला दौड प्रतियोगिता आयोजना गरिएको थियो । छुट्टाछुट्टै उमेर समूह विभाजन गरेर छ विद्यामा आयोजना गरिएको दौड प्रतियोगितामा जिल्लाभित्र तथा बाहिरका गरी ७५५ जना धावकले सहभागिता जनाएका थिए ।

पन्ध्र वर्षभन्दा माथिका १० किलोमिटर खुला महिला÷पुरुष दौड प्रतियोगिताको महिलातर्फ खोटाङकी दीर्पा बस्नेत तथा पुरुषतर्फ ताप्लेजुङका अमिर लिम्बूले प्रथम उपाधि जितेका थिए । प्रतियोगितको उपाधि विजेता धावकले जनही नगद रु १५र१५ हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

महोत्सवकै अवसरमा जेठ ६ गते आयोजना गरिएको खुला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि झापास्थित दमकका प्रकाशचन्द्र नेपालले जितेका छन् । देशभरका ५१ खेलाडीले सहभागिता जनाएको प्रतियोगितमा भारतको सिक्किम निवासी राहुल गुरुङलाई हराउँदै नेपालले रु २५ हजार नगदसहितको उपाधि जितेका हुन् । खेलकुद तथा साहित्यको माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटन प्रवद्र्धन गर्न विगत तीन वर्षदेखि निरन्तर महोत्सवको आयोजना गर्ने गरिएको आयोजक नेपाल खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिए । ‘खेलकुद र साहित्यको माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटकीय जिल्लाका रूपमा विकास गर्न तेस्रो पटक महोत्सव आयोजना गरेका हौँ । छ दिनसम्म सञ्चालन भएको बृहत् महोत्सवले जिल्लाको पर्यटन प्रवद्र्धनमा ठूलो टेवा पुगेको अनुमान गरिएको छ’, उनले भने, ‘महोत्सवको पहिलो दिन खुला दौड प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा बालबालिकादेखि वृद्धवृद्धासम्मले उत्साहपूर्वक सहभागिता जनाएका थिए । महोत्सवको माध्यमबाट खेलकुदलाई जिल्लाको गौरवको आयोजना बनाउँदै सन् २०५० भित्र ओलम्पिक पदक जित्ने खेलाडी जिल्लामै उत्पादन गर्ने लक्ष्य राखिएको छ ।’

महोत्सवका लागि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेर कार्यक्रम सञ्चालन गरिएको थियो । दिक्तेल बजारमा छ दिनसम्म सञ्चालन भएको महोत्सवले जिल्लाको व्यापार–व्यवसायसमेत वृद्धि भएको व्यवसायीहरूले बताएका छन् ।

खेलकुद, साहित्यक तथा पर्यटन महोत्सवले अवसर नपाएर ओझेलमा रहेका प्रतिभाहरूको पहिचान भएको आयोजकले दाबी गरेको छ । जिल्लाका दशवटै स्थानीय तहसँगको सहकार्यमा आयोजना गरिएको महोत्सव सम्पन्न गर्न रु ३० लाख १३ हजार २३२ बजेट लागेको आयोजक नेपाल सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष सुमन राईले जानकारी दिए । रासस

# वीरगंजको मेनरोडबारे स्थानीय आन्दोलित, सरकारसँग औपचारिक घोषणाको माग



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुख्य व्यापारिक क्षेत्र मेनरोडलाई शहरी मार्ग कायम गर्न माग गर्दै स्थानीय घरधनी तथा व्यवसायीहरूले आइतबार प्रदर्शन गरेका छन् । वीरगंज संघर्ष समितिको नेतृत्वमा भएको विरोध कार्यक्रममा सहभागीहरूले थाल बजाएर सरकारको ध्यानाकर्षण गराएका थिए । प्रदर्शनमा सहभागीहरू मेनरोड क्षेत्र परिक्रमा गर्दै घण्टाघरसम्म पुगेका थिए । उनीहरूले मेनरोडलाई तत्काल औपचारिक रूपमा शहरी मार्ग घोषणा गर्न सरकारसँग माग गरेका छन् ।

प्रदर्शनका क्रममा सहभागीहरूले शहरी मार्ग घोषणाले वीरगंजको यातायात व्यवस्थापन, व्यापारिक गतिविधि र शहरको सौन्दर्यीकरणमा सकारात्मक प्रभाव पार्ने बताएका थिए । संघर्ष समितिले मन्त्रिपरिषद्को निर्णयअनुसार त्रिभुवन राजपथलाई मेनरोड क्षेत्रबाट हटाइसकिएको दाबी गरेको छ । समितिका अनुसार नेपाल सरकारको आधिकारिक वेबसाइट तथा सरकारले प्रकाशन गर्ने 'रोड डायरी' मा समेत आवश्यक संशोधन भइसकेको छ । यस्तो अवस्थामा अब मेनरोडलाई शहरी मार्गको रूपमा औपचारिक मान्यता दिनुपर्ने उनीहरूको मुख्य माग रहेको छ ।

विरोध कार्यक्रममा स्थानीय व्यापारी, घरधनी, सर्वसाधारण, महिला तथा बालबालिकाको समेत उल्लेखनीय उपस्थिति रहेको थियो । प्रदर्शनकारीहरूले मेनरोडलाई शहरी मार्ग कायम गरिए वीरगंजको बजार व्यवस्थापन थप व्यवस्थित हुने र व्यापारिक वातावरणलाई सहज बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन् । प्रदर्शनका क्रममा सहभागीहरूले माग सम्बोधनमा ढिलाइ भए थप कडा आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी समेत दिएका छन् । वीरगंज युवा तथा व्यापारी सडक पीडित संघर्ष समितिका अध्यक्ष कुन्दन रौनियार ले सरकारलाई जनचासोसँग जोडिएको विषय भएकाले शीघ्र निर्णय लिन आग्रह गरेका छन् । स्थानीयवासीका अनुसार मेनरोड वीरगंजको व्यापारिक तथा सामाजिक गतिविधिको प्रमुख केन्द्र भएकाले यसलाई शहरी मार्गका रूपमा विकास गर्न सके शहर व्यवस्थापनमा दीर्घकालीन सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।



**मन्दिरमा मल्होत्राः** नेपाल भ्रमणमा रहेकी बेलायत सरकारकी इन्डो–प्यामिन्दिरमा मल्होत्राः नेपाल भ्रमणमा रहेकी बेलायत सरकारकी इन्डो–प्यासिफिक मामिला तथा समानतासम्बन्धी राज्यमन्त्री सीमा मल्होत्राले पशुपति मन्दिरको दर्शन गरेकी छन् । तस्बिरः गोपाल दाहालसफिक मामिला तथा समानतासम्बन्धी राज्यमन्त्री सीमा मल्होत्राले पशुपति मन्दिरको दर्शन गरेकी छन् । तस्बिरः गोपाल दाहाल

# नेपाल अन्तरराष्ट्रिय महिला भलिबलको सेमिफाइनलमा प्रवेश

**काठमाडौँ ।**
नेपालले माल्दिभ्सलाई पराजित गर्दै सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला भलिबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आइतबार सम्पन्न समूह चरणको अन्तिम खेलमा नेपालले माल्दिभ्सलाई ३–० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । नेपाल समूह 'ए'बाट सेमिफाइनल पुगेको हो ।

जितसँगै तीन खेल खेलेको नेपालको सात अ¬ङ्कसहित अङ्क तालिकाको शीर्षस्थानमा छ । नेपाल आफ्नो पहिलो खेलमा भारतसँग पराजित भएको थियो भने हिजो भएको दोस्रो खेलमा नेपालले कीर्गिस्तानलाई हराएको थियो । त्यसैगरी नेपालकै समूहमा रहेको भारत दोस्रो स्थानमा छ । भारतको पाँच अङ्क छ । त्यस्तै सोही समूहमा रहेको कीर्गिस्तानको तीन अङ्क छ भने माल्दिभ्स अङ्कविहीन रहँदै समूह चरणबाट बाहिरिएको छ ।




त्यस्तै सोमबार हुने समूह 'ए'अन्तर्गत भारत र कीर्गिस्तानको खेलपछि नेपालको समूहको विजेता र उपविजेता टुङ्गो लाग्नेछ ।

नेपालले आइतबार माल्दिभ्समाथि पहिलो सेट २५–१२ ले आफ्नो पक्षमा पा¥यो भने खेलको दोस्रो सेट २५–९ ले जित्यो । त्यस्तै खेलको तेस्रो तथा अन्तिम सेट नेपालले माल्दिभ्समाथि २५–२० को जित निकाल्यो । त्यस्तै समूह 'बी'बाट भने कजाखस्तान र इरान सेमिफाइनलमा पुगेका छन् । कजाखस्तानले बङ्गलादेशलाई ३–० सेटमा हराउँदा इरानले श्रीलङ्कालाई पनि ३–० कै सेटमा हरायो । प्रतियोगिताको समूह 'बी'बाट श्रीलङ्का र बङ्गलादेश समूह चरणबाटै बाहिरिएका छन् ।

# प्रसारण लाइन निर्माणका लागि चितवनमा रुख छपान सकियो

**तनहुँ ।**
तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवनतर्फको वनमा पर्ने रुखहरूको छपान सकिएको छ । आयोजनाको प्याकेज–३ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवन जिल्लामा पर्ने रुखहरूमा छपानकार्य सकिएको हो ।

दमौली–भरतपुर २२० केभी प्रसारण लाइनको मार्गधिकारमा पर्ने चितवन जिल्लास्थित राष्ट्रिय वनमा रहेका रुखको छपान कार्य सकिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । प्रसारण लाइनको टावर निर्माण र मार्गधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटविरुवा हटाउन वन तथा भूसंरक्षण विभागसँग सम्झौता भएको थियो ।

डिभिजन वन कार्यालयबाट रुख छपानको प्रतिवेदन तयार गरी बागमती प्रदेश वन निर्देशनालयमा बुझाइएको भण्डारीले बताए । तनहुँ जिल्लास्थित रुखहरूको छपान कार्य भने जारी रहेको उनले बताए । प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १ सय २७ रुखपोल हटाउन अनुमति प्राप्ति भएसँगै काम अगाडि बढेको छ ।

मन्त्रिपरिषद्को निर्णयबमोजिम आयोजनाको दमौली भरतपुर–२२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गधिकारमा चितवन र तनहुँमा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटविरुवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको थियो ।

यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेसनल लिमिटेड भारतले दमौली–भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरको जग हाल्ने र ६९ वटा टावर जडानकार्य सम्पन्न गरिसकेको छ । यस प्याकेजको समग्र प्रगति ७८ प्रतिशत रहेको भण्डारीले बताए ।

तनहुँ जलविद्युत् आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ । प्याकेज–१ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५९ प्रतिशत प्रगति भएको भण्डारीले बताए । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायतका संरचनाको निर्माणकार्य सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ । प्याकेज–२ अन्तर्गत विद्युगृह तथा सम्बन्धित उपकरणको काम चीनको सिनो हाइड्रो कर्पोरेसनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्ने काम सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण सम्पन्न भएको भण्डारीले बताए । विद्युत्गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ सम्पन्न भएको यस प्याकेजको प्रगति ७७ प्रतिशत रहेको छ । भण्डारीका अनुसार विद्युतगृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल कार्य जारी छ । विद्युतगृहमा छाना लगाउने, पानी फाल्ने लगायतका काम भइरहेका छन् ।

# गर्मीले उकुसमुकुस र आक्रान्त, तापक्रम ४० डिग्री आसपास

**नेपालगञ्ज ।**
बढ्दो गर्मी र तातो हावाका कारण बाँके लगायत पश्चिम तराईका जिल्लाहरूमा जनजीवन प्रभावित बनेको छ । यहाँको जनजीवन उकुसमुकुस र आक्रान्त छ ।



पछिल्लो दुई सातादेखि नेपालगञ्ज र आसपासका क्षेत्रमा तापक्रम निरन्तर उकालो लाग्दै गएपछि दैनिक गतिविधि प्रभावित भएका हुन् । केही दिन यता नेपालगञ्जको तापक्रम ४० डिग्री आसपास पुगेको छ । त्यसमा पनि अनियमित विद्युत् र लो–भोल्टेजले दैनिकी अझ कष्टकर बनाइदिएको छ । जेठ लागेसँगै बढेको गर्मीका कारण बाँकेसहित पश्चिम नेपालको तराई क्षेत्रको जनजीवन प्रभावित भएको हो ।

बिहान ९ बजेपछि नै घाम अत्यधिक चर्किने भएकाले बजार तथा ग्रामीण क्षेत्रहरू सुनसान जस्तै बन्न थालेका छन् भने सर्वसाधारणको हिँडडुल समेत घटेको छ । मानिसहरूलाई अहिले अत्यधिक गर्मीका कारण बिहान र साँझ बाहेक बाहिर निस्कनै कठिन भएको छ । गर्मीका कारण दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने विपन्न वर्ग, विद्यार्थीहरू सबैभन्दा बढी प्रभावित बनेका छन् । अटो–रिक्सा चालकहरू समेत गर्मीका कारण काम गर्न असहज भएको बताउँछन् । अन्य समयमा व्यस्त रहने बजारका चोकहरूमा अटो रिक्साको उपस्थिति समेत पातलो देखिएको छ ।

चिकित्सकहरूले अत्यधिक गर्मीबाट बच्न दिउँसोको समयमा बाहिर ननिस्कन, चिसो स्थानमा बस्न र अत्यावश्यक अवस्थामा मात्र बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने तथा हल्का सुतीका कपडा प्रयोग गर्न सुझाव दिएका छन् । भेरी अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा. उमेश ढुङ्गानाले शरीरमा पानीको कमी हुन नदिन पटक–पटक पानी, जुस वा अन्य झोल पदार्थ सेवन गर्नु आवश्यक हुने बताउँदै असामान्य स्वास्थ्य समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्ने बताए । अस्पतालहरूमा गर्मीजन्य रोगका बिरामीहरू बढेका छन् ।

# सुर्तीजन्य पदार्थमा करको दर बढाउन सांसदको आग्रह

**काठमाडौँ ।**
सांसदहरूले सुर्तीजन्य पदार्थमा लाग्ने करको दरलाई वृद्धि गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सुर्तीजन्य पदार्थको कर दरका सम्बन्धमा आज यहाँ आयोजित अन्तरक्रिया सांसदहरूले सुर्तीजन्य पदार्थको करको दर बढाएर सुर्तीजन्य पदार्थको रोकथाम तथा नियन्त्रण गर्नुपर्ने बताएका छन् ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सभापति डा. ओजस्वी शेरचनले सुर्तीजन्य पदार्थको करको दर बढाउनुपर्नेमा जोड दिइन् । उनले विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डमा सुर्तीजन्य पदार्थको करको दर बढाएर सुर्तीजन्य पदार्थको सेवनलाई घटाउन सकिने बताइन् । हाल विश्व स्वास्थ्य सङ्गठनले ७५ प्रतिशतसम्म सुर्तीजन्य पदार्थमा करको दर सिफारिस गर्न भनेको छ । तर नेपालमा अहिले सुर्तीजन्य पदार्थमा ४१ प्रतिशतमात्र कर लाग्ने गरेको छ । सांसद डा. तोसिमा कार्कीले सुर्तीजन्य पदार्थमा लाग्ने करको दरलाई वृद्धि गरी कम्तीमा ५० प्रतिशत पुर्याउनुपर्ने बताइन् । उनले सुर्तीजन्य पदार्थको करबाट उठेको पैसा स्वास्थ्यमा नै खर्च गर्नुपर्ने भनाइ राखिन् । करको दर बढाएर राजस्व सङ्कलनमात्र नभई सुर्तीजन्य पदार्थको उपभोग घटाउनु रहेको उनको भनाइ छ । उनले सरकारले हाल वार्षिक तीनदेखि पाँच प्रतिशतसम्मको सामान्य कर वृद्धि गर्ने गरेको उल्लेख गर्दै त्यसले उपभोक्ताको व्यवहार परिवर्तन नल्याएको बताए ।

सांसद डा. चन्द्रसिंह यादवले नसर्ने रोगका कारणले गर्दा मृत्युदर ६६ प्रतिशत रहेको भन्दै सुर्तीजन्य पदार्थको कर बढाएर नसर्ने रोगको जोखिम कम गर्न सकिने बताए । सांसद गुरु बरालले सुर्तीजन्य पदार्थका कर वृद्धिसँग १५ देखि २४ वर्ष उमेरसमूहका युवालाई सुर्तीजन्य पदार्थको सेवनबाट टाढा राख्नुपर्ने बताए ।

सांसद भीमकुमार बुढामगरले र भरत गिरीले सुर्तीजन्य पदार्थमा गरिने कर वृद्धिले मात्र उपभोग घटाउन सकिने भन्दै सुर्तीजन्य पदार्थबाट लाग्ने रोग पनि कम हुने बताए ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शिवराज अधिकारीले सुर्तीजन्य पदार्थको करको दर ५५ प्रतिशत पुर्याउनुपर्ने बताए । उनले प्रत्येक वर्ष तीनदेखि पाँच प्रतिशत कर बढिरहे पनि अहिलेको सरकारले सुर्तीजन्य पदार्थको करको दरलाई ५५ प्रतिशत पुर्याउनुपर्नेमा जोड दिए । करविज्ञ डा. रुप खड्काले कानुनअनुसार नेपालमा सुर्तीजन्य पदार्थको कर नलाग्ने गरेको उल्लेख गर्दै सरकारले यसपटक कर बढाउनुपर्ने बताए ।

प्रतिष्ठानका सुर्तीजन्य पदार्थको नियन्त्रण कार्यक्रमका संयोजक डा. जयकुमार गुरुङले क्यान्सर गराउने मुख्य कारकतत्व सुर्तीजन्य पदार्थ भएकाले यसको नियन्त्रण गर्न आवश्यक रहेको बताए । उनले सुर्तीजन्य पदार्थको सेवन घटाउनका लागि यसको करमा वृद्धि आवश्यक रहेको बताए ।

# नेपाल तरुण दलको अध्यक्षमा कोइराला



**काठमाडौँ ।**
नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलको केन्द्रीय अध्यक्षमा मनिष कोइराला नियुक्त भएका छन् ।

कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा ४२ (१) (च) बमोजिम काठमाडौँका कोइरालालाई आज अध्यक्ष पदमा नियुक्त गरेका हुन् । वैशाख २१ गते बसेको कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गरेको निर्णयअनुसार सभापति थापाले कोइरालालाई अध्यक्षमा नियुक्त गरेको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए ।

म्याद समाप्त भई कार्यसमिति स्वतः विघटन भएपछि तरुण दलको अध्यक्ष पद रिक्त थियो । नवनियुक्त अध्यक्ष कोइरालालाई तोकिएको समयभित्रै तरुण दलको महाधिवेशन सम्पन्न गर्ने मुख्य जिम्मेवारी दिइएको छ । यसका लागि पार्टीले ९ बुँदे स्पष्ट कार्यादेश र कार्यविवरण समेत उपलब्ध गराएको छ । लामो समयदेखि तदर्थ समितिको भरमा चल्दै आएको तरुण दलले नयाँ नेतृत्व पाएसँगै अब महाधिवेशनको प्रक्रिया अघि बढ्ने अपेक्षा पार्टीले गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन